मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## सडक बिस्तारको क्रममा भत्काइएको घरको ढलान खस्दा माझी घाइते

हेटौंडा, २४ मंसिर/हेटौंडा उपमहानगरपालिका-१, उद्योग वाणिज्य संघ अगाडि सडक बिस्तारको क्रममा भत्काइएको घर सफा गर्ने क्रममा ढलान खस्दा एकजना कामदार घाइते भएका छन् ।

बुधबार बिहान यो घटना भएको हो । भत्काइएको दुईतले घरको ढलान अचानक तल झर्दा काममा संलग्न १९ वर्षीय जितेन्द्र माझी घाइते भएका हुन् । उनी रौतहट जिल्ला माधवनारायण नगर पालिका-७, लौकाहा स्थायी घरभई हाल हेटौंडामा डेरा गरी बस्दै आएका थिए ।

घाइते माझीको टाउको र शरीरको विभिन्न भागमा चोट लागेको र अवस्था मध्यम रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । उनलाई उपचारका लागि ठेकेदार नवीन साहले हेटौंडा अस्पतालमा पुऱ्याएका हुन् ।

### आफ्नो अधिकारको कुरा गर्दा अर्काको अधिकार हनन गर्न पाइँदैन: उपसभामुख चापागाई

# तल्लो तहमा अधिकार प्रत्यायोजन गर्नुपर्नेमा जोड

साझाकुरा संवाददाता

हेटौंडा, २४ मंसिर/ बागमती प्रदेशसभाकी उपसभामुख अप्सरा चापागाईले आफ्नो अधिकारको कुरा गर्दा अर्काको अधिकार हनन् गर्न नहुने बताएकी छिन् । बोल्ने अधिकार छ भन्दै दिने अभिव्यक्ति र गर्ने क्रियाकलापले अर्कोपक्षको अधिकारको हनन् नहोस् भन्नेतर्फ सचेत रहनुपर्ने उनको भनाई छ ।





७७ औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको अवसरमा बुधबार हेटौंडामा आयोजित मानवअधिकार र आमनिर्वाचन विषयक अन्तरपुस्ता संवादमा उपसभामुख चापागाईले अधिकार आफूमा मात्र केन्द्रित गर्न खोज्ने प्रवृति देखापर्न थालेको बताइन् । अधिकारलाई आफूभन्दा तल्लो तहमा पनि प्रत्यायोजन गर्नुपर्नेमा उनले जोड दिइन् । उपसभामुख चापागाईले समाजका पिछडिएको वर्गको मानवअधिकारको संरक्षण गर्नुपर्नेमा सबै केन्द्रित हुनुपर्ने बताइन् । बोली र व्यवहार फरक पर्दा शक्तिशाली वर्गकै अधिकारको संरक्षणमा बहस हुन थालेकोमा उनले असन्तुष्टि जनाइन् ।

उपसभामुख चापागाईंले मानवअधिकारको बहसमा कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाका विषयहरु समेटिए पनि प्राकृतिक स्रोतसाधनको विषय छुट्न नहुने बताइन् । 'मानवअधिकार कसको भन्नेमा सधैं विवाद देखिन्छ । तर, हाम्रो बुझाइ प्रस्ट छ, जो अवसरबाट वञ्चित छ, राज्यले त्यसलाई प्राथमिकतामा राख्नुपर्छ', उपसभामुख चापागाईले भनिन् 'आफ्नो अधिकारको कुरा गर्दा अर्काको अधिकार हनन् हुनुहुँदैन भन्ने कुरामा हामी सचेत हुनुपर्छ । जल, जंगल र जमिनभित्रको मानवअधिकारको विषय पनि उत्तिकै टड्कारो रुपमा उठ्नुपर्छ ।'

उपसभामुख चापागाईले अधिकारलाई कानुनीरुपमै स्पष्ट गर्नुपर्ने बताइन् । प्रदेशसभाले निर्माण गरेका कानुनको संशोधन र कार्यान्वयनमा सरोकारवालासँग पर्याप्त छलफल भएको उनले उल्लेख गरिन् । उपसभामुख चापागाईले मानवअधिकारको सवालमा उठेका विषयलाई जिम्मेवारीकासाथ प्रभावकारी कार्यान्वयनमा लैजाने प्रतिबद्धता व्यक्त गरिन् ।

कार्यक्रममा सहभागीले उठाएका ४५ बुँदे सुझावप्रति आफू गम्भीर रहेको बताउँदै उपसभामुख चापागाईंले यो विषयलाई प्रदेशसभाका विषयगत समिति र कानुनमा जोड्न प्रतिबद्ध रहेको बताइन् ।

उनले बागमती प्रदेश सभाले हालसम्म ९१ वटा कानुन निर्माण गरिसकेको र यो कानुनको कार्यान्वयनको चरणमा भएका समस्या र चुनौतीको अध्ययनकार्य भइरहेको जानकारी दिइन् । बनेका कानुनमा युवापुस्ताका सवाल समेट्न आवश्यक परे संशोधन गर्न र बन्दै गरेका कानुनमा ती विषय समावेश गर्न तयार रहेको उनको भनाई छ । उनले प्रदेश सरकारले दलित समुदायसँग सम्बन्धित विधेयक ल्याउने तयारी गरिरहेको र विधायन समितिमा राष्ट्रियसभा तथा प्रदेशका कानुनमाथि छलफल भइरहेको जानकारी दिइन् । कार्यक्रममा जेनजी युवाले हेटौंडामा सडक विस्तारको क्रममा प्रशासनले मानवअधिकारको चरम उल्लङ्घन गरेको आरोप लगाएका थिए ।

सडक विस्तारमा अवरोध नगर्न युवालाई प्रशासनले अनेक धम्की दिएको उनीहरुको आरोप थियो । सोही आरोपलाई खण्डन गर्दै सहायक प्रमुख जिल्ला अधिकारी मोहनराज जोशीले त्यसमा कुनै किसिमको सत्यता नभएको स्पष्ट पारे । सडक विस्तार गर्ने काम प्रशासनको नभई सडक डिभिजनको भएकोले आफूहरुले सहजीकरण मात्र गरेको उनको भनाई छ । सर्वोच्च अदालतको आदेश र हेटौंडाबासीको मागअनुसार नै कानुनसम्मत तरिकाले सडक विस्तार भएको उनको दाबी छ । सहायक प्रजिअ जोशीले सुरक्षाको प्रत्याभूति गराउनु बाहेक आफूहरुको अरु कुनै उद्देश्य नरहेको बताए ।

#### "युवापुस्ताको भावनालाई सम्बोधन गर्ने खालको सक्षम नेतृत्व आउनुपर्छ"

मानवअधिकार र आगामी निर्वाचनबारे अन्तरपुस्ता संवाद कार्यक्रम बुधबार हेटौंडामा सम्पन्न भएको छ । मानवअधिकार संरक्षण तथा मानवबेचबिखनविरुद्धको सञ्जाल मकवानपुर र प्रदेशस्तरीय मानवअधिकार रक्षक सञ्जालसँगको समन्वयमा राष्ट्रिय मानवअधिकार आयोग बागमती प्रदेश, गैसस महासंघ बागमती प्रदेश, इन्सेक लगायतको आयोजनामा कार्यक्रम आयोजना गरिएको थियो । मानवअधिकार आयोग बागमती प्रदेशप्रमुख चन्द्रकान्त चापागाईको अध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशसभाकी उपसभामुख अप्सरा चापागाईंको प्रमुख उपस्थिति रहेको थियो ।

कार्यक्रममा विभिन्न सर कारी तथा गैरसरकारी संघसंस्थाका प्रतिनिधि, जेनजीपुस्तालगायत विभिन्न उमेर समूहका सहभागीले निष्पक्ष निर्वाचन, अभिव्यक्ति स्वतन्त्रता र राजनीतिमा समान पहुँच लगायतका विषय उठाएका थिए । कार्यक्रममा विशेषगरी जेनजी समूहले आसन्न निर्वाचनलाई महत्वका साथ हेरिएको बताए । युवापुस्ताको भावनालाई सम्बोधन गर्ने खालको सक्षम नेतृत्व आउने कुरामा उनीहरुको जोड थियो । अपाङ्ग महासंघले अपाङ्गता भएका व्यक्तिका लागि सहजरुपमा निर्वाचनस्थलसम्म पुग्ने व्यवस्था हुनुपर्ने र उनीहरुलाई पनि र ाजनीतिक दलले समेट्नुपर्ने धारणा राखेका थिए ।

कार्यक्रममा सहभागीले निर्वाचनको विश्वसनीयता, निष्पक्षता र नागरिकसहभागिता सुनिश्चित गर्न राज्यका निकायहरुको भूमिकालाई जिम्मेवारपूर्ण बनाउनुपर्नेमा जोड दिएका थिए । कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोग बागमती प्रदेशकी मानवअधिकार अधिकृत र विना घिमिरेले बागमती प्रदेशमा मानवअधिकारको अवस्थाबारे प्रस्तुति दिएकी थिइन् भने गैसस बागमती प्रदेशका कार्यबहाक अध्यक्ष कमलकुमार विश्वकर्माले प्रस्तुति राखेका थिए । यसैबीच गैसस बागमती प्रदेश समितिले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमार्फत् प्रधानमन्त्री शुशिला कार्कीलाई समसामयिक विषयमा अनुरोधपत्र पठाएको छ ।

परिवर्तिक राजनीतिक अवस्थामा विभिन्न तत्वले सामाजिक संघसंस्थाले गरेको योगदानलाई अवमूल्यन गर्ने गरी निरुत्साहित गर्ने दुष्प्रयास गरिरहेको भन्दै भयरहित वातावरणमा आफ्ना गतिविधि निरन्तर गर्ने वातावरण बनाउन माग गरिएको छ । नवयुवा समूहले गरेको मागअनुरुप सबै पक्षसँग समन्वय र सहकार्यमा तोकिएको समयमा निर्वाचन हुने वातावरण बनाउन आग्रह गरिएको छ । मानवअधिकारको संरक्षणका लागि विश्वव्यापी साझा सहकार्य र प्रतिबद्धताको लक्ष्यसहित ७७ औँ अन्तर्राष्ट्रिय मानवअधिकार दिवस मनाईंएको हो ।

सन् १९४८ मा संयुक्त राष्ट्रसंघको महासभाले पारित गरेको मानवअधिकारको विश्वव्यापी घोषणापत्रको स्मरणमा हरेकवर्ष डिसेम्बर १० तारिखमा यो दिवस मनाउने गरिन्छ । घोषणापत्रले जाति, धर्म, लिङ्ग, भाषा, विचार, सामाजिक मूल वा जन्मका आधारमा कुनै भेदभाव नगरी सबैलाई समानअधिकार सुनिश्चित गरेको छ । यसअघि मानवअधिकार रक्षकहरुको अन्तर्राष्ट्रिय दिवस मनाइएको थियो । नेपालको संविधानले विचार र अभिव्यक्तिको स्वतन्त्रता, स्वतन्त्रता पूर्वक भेला हुन पाउने स्वतन्त्रता र संगठन खोल्न पाउने स्वतन्त्रताको अधिकारको सुनिश्चित गरेको छ । नेपाल सरकारले मानवअधिकारकर्मीको सुरक्षा र संरक्षण गर्नेसम्बन्धी आदेश, २०७७ जारी गरेको छ ।

### प्रजिअ अधिकारीद्वारा सिटिइभिटीको अवलोकन

# एकपटक म्याद थप भएपनि भौतिक प्रगति ३६ प्रतिशत मात्रै



साझाकुरा संवाददाता

हेटौंडा, २४ मंसिर/ हेटौंडा-६, गौरीटारस्थित नेपाल-भारत बहुप्राविधिक महाविद्यालयको बुधबार मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले अवलोकन गरेका छन् ।

निर्माणकार्य अलपत्र अवस्थामा रहेको भौतिक पूर्वाधारका साथै शिक्षालयमा सञ्चालित कार्यक्रमबारे उनले चासो राखेका थिए । कानूनी व्यवस्थाअनुसार शिक्षालय सञ्चालक समितिका अध्यक्ष प्रजिअ रहने व्यवस्था छ । प्रजिअ अधिकारीले शिक्षालयको निर्माणाधीन भौतिक संरचनाको अवलोकन, निरीक्षण गरी निर्माणमा देखिएका समस्याबारे जानकारी लिए । निर्माण रोकिएका संरचनाको काम सुचारु गराउन समन्वयकारी भूमिका खेल्ने उनले बताए । भारत सरकारको सहयोगमा निर्माण थालिएको भौतिक पूर्वाधार दुई वर्षदेखि अलपत्र अवस्थामा छ ।

नेपाल र भारत सरकार बीच भएको द्विपक्षीय सम्झौताको १० वर्षपछि महाविद्यालयको पूर्वाधार निर्माणकार्य २०७६ सालमा सुरु गरिएको थियो । ३८ करोड भारतीय रुपैयाँ लागतमा टेलिकम्युनिकेसन इन्डिया लिमिटेडले दुई वर्षभित्र काम सम्पन्न गर्ने सम्झौता गरेको थियो । एकपटक म्याद थप भएपनि महाविद्यालयको निर्माणको भौतिक प्रगति ३६ प्रतिशत मात्रै छ । यस विषयमा भारतीय दूतावासमा टेलिफोन सम्पर्क गर्दा भारतीय पक्ष १५ दिनभित्र छलफलका लागि आउने जानकारी प्राप्त भएको प्रजिअ अधिकारीले बताए ।

भौतिक संरचना हस्तान्तरण नहुँदै महाविद्यालयले शैक्षिक कार्यक्रम भने जारी रहेको छ । बारा, पर्सा, रौतहटसहित विभिन्न जिल्लाबाट विद्यार्थी यहाँ अध्ययनका लागि आउने गरेका छन् । तर, आवासीय सुविधा नहुँदा विद्यार्थी फर्किन बाध्य हुने गरेको महाविद्यालय प्रमुख भुमहेश्वर रंजीतकारले बताए । महाविद्यालयले डिप्लोमा तहका मेकानिकल इन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिङ र अटोमोवाइल विषय सञ्चालन गर्न स्वीकृति पाएपनि संरचना अभावका कारण हाल मेकानिकल इन्जिनियरिङ विषय मात्रै अध्यापन गराइरहेको छ । यस विषयमा तीनवटा ब्याच पासआउट भइसकेका छन् ।

२०७६ सालमा तत्कालीन बागमती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलले शिलान्यास गरेको महाविद्यालयले २६ वटा सुविधा सम्पन्न भवन निर्माण गर्ने लक्ष्य राखिएको थियो । अधिकांश भवनका आधा संरचना बनेका छन् । अवलोकनमा सहायक प्रजिअ मोहनराज जोशी, ६ नम्बर वडाका वडाअध्यक्ष विष्णुबहादुर दाहाल लगायतको उपस्थिति थियो ।

# चुनढुंगा अवैध उत्खनन: खानी विभाग र वनले थाल्यो अनुसन्धान

साझाकुरा संवाददाता

हेटौंडा, २४ मंसिर/ मकवानपुरको बकैया गाउँपालिकामा भइरहेको चुनढुंगाको अवैध उत्खननमा खानी तथा भूगर्भ विभाग र डिभिजन वन कार्यालय मकवानपुरले 'एक्सन' लिएका छन् ।

'पालिका अध्यक्षको मिलेमतोमा चुनढुंगाको अवैध उत्खनन' शीर्षकमा समाचार प्रकाशित भएपछि खानी विभागले अध्ययन तथा अनुसन्धान टोली खटाएको हो । जिल्ला प्रशासन कार्यालय मकवानपुर र डिभिजन वन कार्यालय मकवानपुरले अवैध उत्खनन तथा बिक्रीमा रोक लगाएको छ । यसअघि गाउँपालिका कार्यालयकै मिलेमतोमा १२ नम्बर वडाको चंपकीखानीक्षेत्रको पूर्वतर्फबाट निजी जग्गाको नाममा निरन्तर चुनढुंगा उत्खनन र बिक्री भइरहेको थियो । चुनढुंगा रहेको भूभाग सरकारको सम्पत्ति हुने र



उत्खनन गर्न खानी तथा भूगर्भ विभागको स्वीकृति अनिवार्य रहेको कानुनी व्यवस्था रहेकोमा चुनढुंगाको अवैध उत्खनन भइरहँदा पनि सरकारले चासो लिएको थिएन ।

खानी तथा भूगर्भ विभागबाट खटिएको माइनिङ इन्जिनियर रामानन्द चौधरीको नेतृत्वको टोलीले चुनढुंगा उत्खनन भइरहेको क्षेत्रमा अध्ययन तथा अनुसन्धान थालेको छ । चौधरीले उत्खनन क्षेत्रको निरीक्षण गर्दा कानुनविपरीत उत्खनन भइरहेको र यहाँको चुनढुंगा बाहिरी निकासी भएको जानकारी दिए ।

# लागूऔषध खैरोहेरोइनसहित पौडेल पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २४ मंसिर/ मकवानपुर प्रहरीले लागूऔषध खैरोहेरोइनसहित हेटौंडा-४, कर्राका ३६ वर्षीय संजोग पौडेललाई हेटौंडा-९, सिर्जनाटोलबाट पक्राउ गरेको छ ।

विशेष सूचनाको आधारमा वडा प्रहरी कार्यालयबाट खटिएको प्रहरीटोलीले पौडेललाई लागूऔषध खैरोहेरोइन १ ग्राम ८० मिलिग्राम सहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

प्रहरीले मकवानपुर जिल्ला अदालतबाट म्याद अनुमति लिई पौडेललाई हिरासतमै राखेर थप अनुसन्धान गरिरहेको जनाएको छ ।

कर्मचारी आवश्यकता

एक प्रतिष्ठित कम्पनीको लागि निम्न अनुसारको कर्मचारी आवश्यकता परेको हुँदा इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला ।

| पद | आवश्यक संख्या |
| --- | --- |
| कुक | १ जना |
| बेकरी म्यान | १ जना |

सम्पर्क नं. ९८५५०७२१०९

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# भ्रष्ट मानसिकताबाट मुक्ति

२०४६ को राजनीतिक परिवर्तनपछिका दिनमा नेपालमा राजनीतिक दलहरुले संस्थागत भ्रष्टाचारको संरक्षण गरेको तीतो यथार्थ कसैबाट पनि छिपेको छैन । २०६२/६३ को जनआन्दोलनपछिका दिनमा यो क्रम अझै बढ्यो । २०५२ पछि भ्रष्टाचार र कुरीतिको बिरोधमा हतियार उठाएको तत्कालीन बिद्रोही समूहले सत्ताको नेतृत्व गरेपछि पनि भ्रष्टाचार रोकिएन । निर्वाचनमा होमिएका कुनैपनि नेताले करोडौं रकम खर्च गर्नुपर्ने र जितेपछि त्यो रकमको चौवर उठाउने प्रबृत्तिले जरो गाडेको छ । गाउँपालिकाको वडाअध्यक्षहरुले पनि लाखौं खर्च गरेर नेतृत्वमा पुग्ने र करोडौं रकम कमाउने धन्दामा ध्यान दिन थाले । कर्मचारी संयन्त्रको त कुरै नगरे भो । हाजिर गरेपछि तलव पाक्ने, काम गरे अतिरिक्त रकम चाहिने परिपाटी नै कायम भएको छ । भ्रष्टाचारीलाई कारबाही गर्नुको सट्टा राजनीतिक दलहरुले मोटो रकम चन्दा लिएर भ्रष्टाचारी संरक्षणमा लागेको समाचार बारम्बार आएको छ । नेपालले हरेक वर्ष भ्रष्टाचारबिरुद्धको दिवस मनाउदै आएको छ । यसवर्षको भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय दिवसको नारा, 'युवासँग एक भएर भ्रष्टाचारविरुद्ध लडौं: भोलिको इमान्दार समाज निर्माण गरौं' भन्ने रहेको थियो । यसले निष्पक्ष, पारदर्शी समाज निर्माणमा युवाको महत्वपूर्ण भूमिकालाई प्रकाश पार्छ भन्ने मान्यता लिइएको थियो ।

संयुक्त राष्ट्रसंघले सन् २००३ मा भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय महासन्धि पारित गरेपछि विश्वभर डिसेम्बर ९ तारिखलाई भ्रष्टाचारविरुद्धको दिवस मनाउन थालिएको हो । नेपालले सन् २०११ मा महासन्धिलाई अनुमोदन गरेको थियो । भ्रष्टाचार अन्त्यका लागि यो दिवस मनाइने गरिन्छ । तर, हरेकवर्ष यो दिवस मनाउने गरिए पनि भ्रष्टाचारको अन्त्य भने हुन सकेको छैन, बरु झन मौलाउँदै जानु चिन्ताको विषय बनेको छ । भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय दिवसको अवसरमा मंगलबार हेटौंडामा अन्तरक्रिया भएको छ । बागमती प्रदेशको मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयको आयोजना एवम् अख्तियार दुरुपयोग अनुसन्धान आयोग हेटौंडास्थित कार्यालयको समन्वयमा अन्तरक्रिया भएको हो । कार्यक्रममा मुख्यमन्त्री कार्यालयका सचिव बाबुराम गौतम र अख्तियार हेटौंडाका कार्यालयप्रमुख रामकृष्ण पुडासैनीले कार्यपत्र प्रस्तुत गरेका थिए । तीनवटै तहमा भइरहेका भ्रष्टाचारका प्रवृद्धि, अब सचेत हुनुपर्ने विषय, चालु आर्थिक वर्षमा परेका उजुरीलगायत विषय कार्यपत्रमा प्रस्तुत गरिएको थियो । मुख्यमन्त्री कार्यालयका सचिव गौतमले सूचना प्रविधिको तीव्रतर विकाससँगै भ्रष्टाचारको स्वरुप बदलिँदै गएको बताए । भ्रष्टाचारले समाजको हरेकक्षेत्रमा असर गरिरहेको छ । भ्रष्टाचार न्यूनीकरणमा संघ, प्रदेश र स्थानीय सरकारको सामूहिक प्रतिबद्धता आवश्यक छ । पारदर्शीता, नैतिकता र जवाफदेहिता सरकारको हरेक कदममा आवश्यक छ । बागमती प्रदेश सरकारको सुशासनप्रतिको प्रतिबद्धता अझ जरुरी रहेको धारणा कार्यक्रममा सहभागीले राखेका थिए । सुशासन प्रवर्द्धनको लागि सार्वजनिक सेवाप्रवाहमा चुस्तता र सहजता ल्याउनुपर्ने, शासकीय संरचना र कानुनमा समयानुकूल सुधार गर्नुपर्ने, योजना तर्जुमा, बजेट विनियोजन तथा आयोजना व्यवस्थापनमा प्रभावकारिता ल्याउनुपर्ने धारणा राखिएको थियो ।

भ्रष्टाचार न्यूनीकरणको लागि सार्वजनिक खरिद व्यवस्थामा सुधार गर्नुपर्ने, यथार्थपरक विश्लेषण र औचित्यको आधारमा सूचना प्रविधि प्रणालीको छनोट गर्नुपर्नेमा जोड दिइएको थियो । आयोगको पाँचौ रणनीतिक योजना कार्यान्वयन रहेको जानकारी दिइएको छ । निरोधात्मक रणनीति, प्रवर्द्धनात्मक रणनीति, उपचारात्मक रणनीति र संस्थागत क्षमता विकास रणनीतिमार्फत भ्रष्टाचार न्यूनीकरणको प्रयास भइरहेको बताइएको छ । अन्तरक्रियामा प्रदेश सरकारका प्रमुखसचिव बाबुराम अधिकारीले भ्रष्टाचारलाई पूर्णरुपमा निर्मुल पार्न नसकिए पनि न्यूनीकरण गर्न सबैको सामूहिक प्रयास जरुरी रहेको बताए । अख्तियारमा परेका उजुरी, अदालतमा रहेका मुद्दाहरुबाट भ्रष्टाचार न्यूनीकरणको प्रयास पर्याप्त नदेखिएको उनको भनाई छ । समाजमा भएका सबै अनियमितता अख्तियारमा पुग्न नसकेको धारणा छ । अख्तियारले अनुसन्धान गर्ने प्रक्रियामा सुधार गरी तथ्यपरक र यथार्थपरक बनाउनुपर्ने, मुलुकको बिद्यमान कानुनमा भ्रष्टाचार गर्ने अवसर धेरै हुँदा भ्रष्टाचार बढेको बताइएको छ । सरकारको नीति, कार्यक्रम, कानुन भ्रष्टाचार गर्ने अवसरलाई नै बन्दगर्नेतर्फ केन्द्रित हुनुपर्ने बताइएको छ । पछिल्ला घटनाक्रमबाट भ्रष्टाचार गर्नेहरु कानुनी दायरा ढिलो चाँडो आउने पुष्टि भएको छ । भ्रष्टाचार हुने क्षेत्रलाई पहिचान गरी कार्यविधि र नियम बनाएरै न्यूनीकरण गर्ने बताइएको छ ।

# फेरि मतदान, फेरि चुनाव



डा. केदार कार्की

आगामी फागुन २१ गतेका लागि घोषित निर्वाचनको प्रयोजनकै निम्ति अहिलेसम्म १६० दल दर्ता हुनु सुखद पक्ष हो । यो निर्वाचनका मुख्य खेलाडी दलहरू तयार छन् भन्ने मूल सन्देश हो । निर्वाचनका लागि धेरै तत्व आवश्यक हुन्छ । मतदाता र दलहरू नै तयार नभए निर्वाचनको अर्थ हुँदैन । त्यसपछि चाहिँ सरकारको भूमिका निर्वाचन सम्पन्न गराउन निर्वाचन आयोगलाई सहयोग गर्ने हुन्छ ।

पहिलो त, यसबीचमा ८ लाख ३७ हजार मतदाता थपिनु चानेचुने कुरा होइन । जेनजी आन्दोलनपछि नयाँ सुव्यवस्था कायम होस् भन्ने युवा जमात मतदानका लागि तयार देखिएको छ, त्यसैले आफूलाई मतदाताका रूपमा दर्ता गराएको छ । अनि निर्वाचनका मुख्य खेलाडी दलहरू पनि चुनावमा होमिनका लागि दर्ता भएका छन् । संसद् पुनर्स्थापनाको माग उठाइरहेको एमालेसमेत निर्वाचन प्रयोजनका लागि आयोगमा दर्ता भइसक्यो । २०६४ र २०७० सालका निर्वाचनको जस्तो उत्साह दल दर्ताले देखाएको छ । ऊ बेला संविधानसभाबाट संविधान बनाउने उत्साह थियो, यसपालि मुलुकलाई सुशासनको बाटोमा लैजाने मक्सद धेरैले राखेका छन् ।

निर्वाचनका लागि मतदाता र दलहरू तयार भइसकेपछि शान्तिसुरक्षा महत्वपूर्ण पाटो हो । निर्वाचन केवल मत हाल्ने प्रक्रिया होइन, यो निष्पक्ष, धाँधलीरहित र शान्तिपूर्ण हुनुपर्छ । यी निर्वाचनमा सम्झौता गरिनु नहुने सर्त हुन् । त्यसैले अब सरकारको काँधमा जिम्मेवारी छ, शान्ति सुरक्षाको प्रत्याभूति गराउने । जेनजी अ'न्दोलनमा भागेका कैदी धमाधम फिर्ता ल्याउने काममा सरकारले युद्धस्तरकै काम गर्नुपर्छ । हतियार फर्काउन सक्नुपर्छ, ती निर्वाचनका बेलामा चुनौती नबनून् ।

अर्कोतिर दलहरूसँगको संवाद सरकारले केही त गरेकै छ, त्यसलाई बाक्लो बनाउनुपर्छ । गएको चुनावबाट प्रमुख दलहरूका रूपमा स्थापित नेताहरूका पार्टीका प्रमुखहरूसँग पनि प्रधानमन्त्रीको सीधासिधी संवाद जरुरी छ । निर्वाचनलाई निर्वाचन आयोग वा सरकारको मात्रै जिम्मेवारी ठान्न र मान्न मिल्दैन, दलहरूको भूमिका उत्तिकै अहं हुन्छ । उनीहरूले स्वच्छ प्रतिस्पर्धा गरिदिँदा मात्रै निर्वाचन धाँधलीरहित र शान्तिपूर्ण हुन्छ । सरकार प्रमुखले 'प्रमुख' दलका प्रमुख नेताहरूको विश्वास अझै जित्नचाहिँ बाँकी देखिन्छ । त्यसका लागि प्रधानमन्त्री सुशीला कार्कीको अग्रसरता आवश्यक छ ।

निर्वाचन केवल प्राविधिक प्रक्रिया मात्र होइन, यो लोकतन्त्रको प्राण हो । शान्तिपूर्णरूपमा सत्ताको हस्तान्तरण निर्वाचनबाट हुन्छ । यही विधिको स्थापना गर्दा नै लोकतन्त्र बलियो हुन्छ । सरकारले त्यसै कुरालाई मनन गर्नुपर्छ । सुरक्षाको विषय सबैभन्दा पेचिलो हो भन्ने सरकारले बुझ्नुपर्छ । त्यसका लागि प्रहरीको मनोबल उकास्नुपर्छ । पछिल्लो समय निश्चित दल विरोधी गतिविधि जुन भइरहेको छ, त्यसले राम्रो संकेत गर्दैन । सभा, सम्मेलन गर्न पाउने हक कसैको पनि छिनिनुहुँदैन । बिथोल्न खोज्नु लोकतन्त्र विरोधी कर्म हो । त्यसलाई रोक्न सरकारको भूमिका आवश्यक छ । शान्ति सुरक्षा भनेको प्रहरी, म्यादी प्रहरी वा सेनाबाट मात्रै हुने होइन, मतदाता र दलहरूबाटै हुनुपर्छ ।

फौज भनेको सहायक पक्ष हो, मुख्य कुरा नागरिकहरू शान्तिकामी हुनुपर्छ, दलहरू पनि । निर्वाचन विरोधी आगोमा घिउ थप्न जो-जो उद्यत् भएर दल विरोधी वा नेता विरोधी गतिविधि गरिरहेका छन्, तिनीहरूमाथि कारबाही हुनुपर्छ । किनभने निर्वाचन नै मुलुकको राजनीतिक निकासको सबैभन्दा महत्वपूर्ण मार्ग हो । यसको विकल्प छैन । प्रधानमन्त्री सुशीला कार्कीको प्रतिष्ठाको विषय होइन यो, यो त मुलुककै भविष्यको संवेदनशील विषय हो । तसर्थ सबैले अर्जुनदृष्टि निर्वाचनमा लगाएर मुलुकलाई उज्यालो भविष्यतिर डोऱ्याउनुपर्छ । त्यसका लागि सबैको भूमिका आवश्यक छ । सबै पक्ष गम्भीर भएर लाग्नुपर्छ । अन्यथा फागुन २१ को निर्वाचन अर्को राजनीतिक नाटकमा परिणत हुनेछ ।

नेपालको राजनीतिक इतिहासमा २०८२ फागुन २१ गते हुने आम निर्वाचन केवल आवधिक चुनाव मात्र होइन, यो एक पुस्तागत लडाइँ र प्रणालीगत रूपान्तरणको जनमत संग्रह हो । नेपालमा लामो समयदेखि युवाद्वारा भ्रष्टाचार, नातावाद, कृपावाद र बढ्दो बेरोजगारीविरुद्ध एकजुट हुन अभियान गरिरहेकै अवस्थामा नेपाल सरकारबाट सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगाउने निर्णय गऱ्यो । फलत: भदौ २२ र २३ गते नेपालको जेनजी पुस्ताले सूचना तथा सञ्चारको हक पूरा गराउन गरेको डिजिटल विद्रोह भएको थियो ।

नेपाली राजनीति फेरि एक निर्णायक मोडमा आइपुगेको छ । इतिहासमा पटक-पटक जनताले बलिदानी दिएका छन्, पुरानो शासन व्यवस्थालाई ढालेर नयाँ आशा र आकांक्षा बोकेको नेतृत्वलाई अघि सारेका छन् । आज पनि सडकमा उत्रिएका युवा पुस्ताको आन्दोलनले देशलाई नयाँ अध्यायतर्फ डोऱ्याएको छ । पुरानो शैलीमा राजनीति गर्ने, जनतालाई आफ्नै दास ठान्ने र राष्ट्रलाई व्यक्तिगत सम्पत्तिझैं चलाउने पुस्ताको अन्त्यको घडी बजिसकेको छ ।

देशलाई यो क्षण खालीपनमा राख्न मिल्दैन । प्रत्येक निमेष अमूल्य छ । जनताको जीवन सुरक्षा गर्ने, शान्ति र संवाद कायम गर्ने, लोकतान्त्रिक प्रक्रियालाई संस्थागत गर्ने दायित्व अब नयाँ नेतृत्वको काँधमा छ । संक्रमणकालीन सरकार गठन गरेर लोकतान्त्रिक निर्वाचनतर्फ लैजाने कार्यतालिका तत्काल तय हुनुपर्छ । यसरी मात्र शहीद युवाको रगत र लाखौं जनताको संकल्पलाई न्याय दिन सकिन्छ ।

आज युवाहरूले एक स्वरमा माग गरेका छन्- साँचो परिवर्तन गर्ने साहसिक नेतृत्व । आन्दोलनको हुरीमा उभिएको पुस्ताले बालेनलाई जिम्मेवारीको लागि आह्वान गरेको छ । यदि उनले अग्रसर भएर नेतृत्व लिन सके भने जनताको विश्वास, संवैधानिक संयन्त्र, सुरक्षा निकाय र सम्पूर्ण समाजले काँधमा काँध मिलाएर साथ दिनेछन् । यस्तो अवसर हरेक दिन आउँदैन । एउटा जुगमा, एकदिन, एकपटक मात्र आउने यस्तो क्षणलाई गुमाउनु इतिहासको ठूलो भूल हुनेछ ।

नेपाल अहिले अद्वितीय अवसरको मोडमा छ । जनताको बलिदानीलाई व्यर्थ पार्ने अवसरवादी सम्झौताहरूलाई इतिहासले कहिल्यै माफ गर्नेछैन । आज आवश्यक छ- नयाँ दृष्टि, नयाँ योजना र नयाँ पुस्ताको साहसिक नेतृत्व । यही बाटोबाट मात्र नयाँ नेपालको यात्रा सम्भव छ । यो आन्दोलनले पुरानो पुस्ताको विकल्प खोजेको छैन, बरु नयाँ पुस्ताको वर्चश्व स्वीकार गर्ने निर्णय गरेको छ । देश अब संक्रमणकालीन बाटो हुँदै लोकतान्त्रिक अभ्यासलाई सबल बनाउन अघि बढ्छ । यसका लागि आन्दोलनको उपलब्धिलाई सुरक्षित राख्दै युवाको विश्वास जित्ने खालको नेतृत्व आवश्यक छ ।

नेपाली इतिहास फेरि एकपटक नयाँ अध्यायतर्फ डोरिएको छ । यो अध्याय पुरानो शैली, पुरानो सोच र पुरानो पात्रको अन्त्यसँगै शुरु भएको हो । अब नयाँ पुस्ताको साहस, दृष्टि र संकल्पले मात्र देशलाई नयाँ यात्रातर्फ डोऱ्याउन सक्छ । जनताको बलिदानीलाई व्यर्थ नबनाई, परिवर्तनलाई संस्थागत गर्दै अघि बढ्नु वर्तमान नेतृत्वको पहिलो दायित्व हो । यही बाटोबाट मात्र नयाँ नेपालको भविष्य उज्यालो बन्न सक्छ । अब दलहरुले आफ्नो नेतृत्व युवापुस्तालाई दिएर पुनर्गठन गर्ने र चुनावमा जाने वातावरण नबनाए अवस्था थप भड्किन जान्छ । संसद् विघटनको यो प्रक्रिया गलत थियो तर निकास के भन्ने विषयमा केही थिएन । अब व्यवस्था जोगाउन निर्वाचनमा जानुको विकल्प छैन ।

निर्वाचन आयोगको तथ्यांकअनुसार, २०८२ को आन्दोलनपछि थपिएका मतदातामा १८ देखि २५ वर्ष उमेर समूहको बाहुल्यता छ । यी मतदाताहरू परम्परागतरूपमा कसैका झोले कार्यकर्ता होइनन् । उनीहरू 'डेटा' हेर्छन्, 'डेलिभरी' खोज्छन् र 'डिजिटल' माध्यमबाट प्रश्न सोध्छन् । तर विडम्बना के छ भने, यो विशाल युवाशक्तिलाई 'क्यास' गर्नुपर्ने नयाँ जेनजी शक्तिहरू नै विभाजित मानसिकताको सिकार भएका छन् । विहारमा जसरी प्रशान्त किशोरको 'जन सुराज' अभियानले शिक्षा र रोजगारीको वास्तविक मुद्दा उठाउँदा उठाउँदै पनि स्थापित दलहरूको 'संगठनात्मक जालो' र 'मनी पावर' अगाडि निरीह बन्ने खतरा देखिन्छ, नेपालमा पनि त्यस्तै परिदृश्य निर्माण हुँदै छ ।

नेपालमा अहिले पार्टी दर्ता गर्ने होडबाजी नै चलेको छ । निर्वाचन आयोगमा तीन दर्जनभन्दा बढी नयाँ दल वा समूह दर्ताका लागि लाइनमा हुनु भनेको परिवर्तनको मत विभाजित हुनु हो । यदि यो मत विभाजित भयो भने त्यसको सोझो फाइदा तिनै पुराना दलहरूलाई हुनेछ, जसले विहारमा जस्तै 'हामीले विकास गरेका छौं' भन्ने झुटो भाष्य र चुनाव जित्न करोडौं खर्च गर्ने 'रिसोर्स'को प्रयोग गर्नेछन् ।

पुराना दलहरूले निर्वाचनलाई यति खर्चिलो बनाएका छन् कि इमानदार मान्छे रिङबाट बाहिरिन बाध्य हुन्छ । विहारमा नीतिश कुमारको 'सुशासन'को नाराले जसरी त्यहाँको जर्जर स्वास्थ्य र शिक्षालाई ढाकछोप गरेको छ, नेपालमा पनि पुराना दलहरूले आशाको अमूर्त नारा दिएर नातावाद र भ्रष्टाचारलाई लुकाउने प्रयास गरिरहेका छन् । जेनजी आन्दोलनको मूल मर्म नै 'व्यवस्था मात्र होइन, अवस्था परिवर्तन' हो । तर यदि आगामी फागुन २१ को निर्वाचनमा युवाले भावनात्मक आवेगमा आएर छुट्टाछुट्टै समूहमा भोट हाले भने नतिजा फेरि पनि तिनै पुराना अनुहारहरूको पक्षमा जानेछ, जसरी विहारमा दशकौंदेखि एउटै अनुहार वा गठबन्धन सत्तामा रहँदै आएको छ, चाहे जनताको अवस्था जस्तोसुकै किन नहोस् । नेपालका ठूला परिवर्तन (२००७, २०४६, २०६२-६३) सधैं आन्दोलनको बलमा भएका छन् र आन्दोलनकारी शक्तिले नै सत्ताको बागडोर सम्हाल्ने अवसर पाएको छ । समग्र कुशासनको विरुद्धमा विशाल जनमत तयार गर्ने जेनजी पुस्ता 'च्याट' मात्र होइन, 'चेन्ज' गर्न पनि सक्षम छ भन्ने सन्देश दिएको छ । करिब १० लाख नयाँ मतदाता भनेको ३० देखि ४० संसदीय सिटको हारजितको फैसला गर्ने संख्या हो । यदि जेनजी नेतृत्वले आफ्नो व्यक्तिगत इगो त्यागेर, 'पार्टी दर्ताको होडबाजी' छोडी एउटा सशक्त 'युवा मोर्चा' वा 'वैकल्पिक गठबन्धन' निर्माण गर्न सके भने विहारको जस्तो 'मनी र मसल' को राजनीतिलाई नेपालमा परास्त गर्न सकिन्छ ।

यसर्थ, २०८२ फागुन २१ को निर्वाचन एउटा परीक्षा हो- के नेपाली युवा विहारका मतदाताजस्तै 'नारा'मा भुलिन्छन् वा विवेक प्रयोग गरेर 'यथार्थ' बदल्न अघि बढ्छन् ? विहारमा भाजपाको विकास र नीतिशको सुशासन कागजमा सीमित हुँदा पनि उनीहरूले चुनाव जितिरहनुले 'लोकतन्त्रमा पनि खराब तत्वहरू संगठित भए भने असल तत्वहरू हार्छन्' भन्ने डर लाग्दो सत्य देखाउँछ । नेपालका जेनजीहरूले बुझ्नुपर्छ कि सामाजिक सञ्जालमा 'ह्यासट्याग' ट्रेन्ड गराउनु र बुथमा 'ब्यालेट बक्स' सुरक्षित गर्नु फरक कुरा हो ।

पुराना दलहरूले अहिले 'भयको राजनीति' र 'प्रलोभनको राजनीति' शुरु गरिसकेका छन् । उनीहरूले युवालाई विभाजित गर्न विभिन्न हथकण्डा अपनाउने निश्चित छ । यस्तो अवस्थामा, जेनजी आन्दोलनको रापतापलाई संस्थागत गर्न 'एकता' र 'रणनीतिक भोटिङ' अपरिहार्य छ । यदि युवा विभाजित भए भने नेपालको अवस्था पनि विहारको जस्तै हुनेछ- नेताहरू धनी हुने, पार्टीहरू बलियो हुने, नाराहरू आकर्षक हुने तर शिक्षा, स्वास्थ्य र रोजगारीको अवस्था सधैं दयनीय रहिरहने ।

तसर्थ, यो निर्वाचनमा 'क्रोनी क्यापिटलिज्म', 'नेपोटिज्म' र 'भ्रष्टाचार'को विरुद्धमा उभिएको जेनजी शक्तिले विहारको असफलताबाट पाठ सिक्नै पर्छ । यसरी, आफ्नो मतलाई विभाजन हुन नदिई 'निर्णायक शक्ति'को रूपमा उदाउनु नै समयको माग र आन्दोलनको मर्म हो । चुनाव लोकतन्त्रको आवश्यक चरण हो, परीक्षण हो । प्रत्येक नागरिकको कर्तव्य चुनावप्रति सावधान रहनु हो । किनभने व्यक्तिले चुनावमा मत मात्र प्रयोग गर्दैन, धेरैचोटि पराजित र विजयको निर्णय केवल एकमात्र मतमा निर्भर गर्छ । सचेत मतदाता चुनावको भूमिकालाई अर्थपूर्ण बनाउने भूमिका खेल्न सक्छन् ।

परिस्थिति विचार गरेर मतको प्रयोग गर्नुपर्छ । यो लोकतन्त्रको उचित प्रयोग हो । प्रजातान्त्रिक देशमा, नागरिकलाई उनीहरूको सरकारलाई छनौट गर्न अधिकार दिइएको छ । तिनीहरू गोप्य मतदान गरेर मतदान गर्न सक्छन् र उनीहरूको राय दिन सक्छन्, जो देश चलाउन उपयुक्त छन् । देश हाम्रो हो, प्रजातन्त्र हाम्रो हो । यो लोकतन्त्रमा मत दिने शक्ति महान् हो । यस मतका लागि हामी आफैं र हाम्रा बालबालिकाको भविष्य छनौट गर्ने अधिकार छ । मतदाताले उम्मेदवारहरू छनौट गर्दा डर र लोभ हुनुहुँदैन अनि मात्र सरकारमा जनताको विश्वास बढ्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# तिमीले अतीतमाथि पेस्तोल ताक्छौँ भने भविष्यले तोपको गोला हान्ने निश्चित छ

आनन्द स्वरूप वर्मा

१० सेप्टेम्बर २०२५ अर्थात् जेनजी आन्दोलनको एक दिनपछि मैले आन्दोलनका बारेमा एउटा टिप्पणी लेखेको थिएँ । त्यसको संक्षिप्त कुराकानी म पाठकहरूलाई भन्न चाहन्छु । टिप्पणीमा मैले लेखेको थिए- 'नेपालमा सन् २००८मा गणतन्त्रको स्थापना र त्यसलाई निश्चित लक्ष्यसम्म पुऱ्याउने माओवादी आन्दोलनको सफलताले सिङ्गो देशमै वामपन्थी लहर फैलिएको छ । र, यो उभारले अमेरिका आतङ्कित छ । तर छिमेकमै चीन हुनाले अमेरिकाले त्यहाँ सैनिक झार्ने आँट गर्न सकेन । परिस्थिति कस्तो थियो भने उसले नेपाललाई इन्डोनेसिया पनि बनाउन सकेन । त्यसैले उ निकै संयमसाथ उपयुक्त समय ढुकेर बसी रहेको थियो ।

यता, सन् २००८ पछि आजको १७ वर्षसम्म सत्ताको शीर्षमा बसेका राजनेताहरूको दैनन्दिनको कार्य-व्यवहारले, उनीहरूको भ्रष्टाचारले तथा जनताको न्यूनतम मागप्रति उनीहरूको उपेक्षापूर्ण व्यवहारले नेतृत्व र जनताबिच त्यस्तो दूरी पैदा भयो, जसलाई पुर्न असम्भव प्राय: लाग्थ्यो । केपी ओली हुन् वा शेरबहादुर देउवा- दुबैमा को बढी भ्रष्ट छन् तय गर्न अप्ठेरो छ । तर माओवादी आन्दोलनका नेता पुष्पकमल दाहाल 'प्रचण्ड' पनि त्यसै पङ्क्तिमा दरिनु अत्यन्तै त्रासद छ । नि:सन्देह यी दुवैको तुलनामा प्रचण्डलाई कम भ्रष्ट मानिन्छ तर प्रचण्ड त एउटा विचारधारामा बाँधिएका कम्युनिस्ट नेता हुन् । उनको नामसँगै 'भ्रष्ट' को विशेषण जोडिनु दुवै नेताको भ्रष्टाचारको तुलनामा कयौं गुणा अधिक हो । राजतन्त्रको अन्त्यले सबै भन्दा धेरै छटपटी अमेरिकालाई नै भयो । २८ फेब्रुअरी २००३, वासिङ्टनको एउटा कार्यक्रममा बोल्दै अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड कैम्पले भने- यदि नेपालमा माओवादीहरूलाई सफलता प्राप्त हुन्छ भने त्यसले 'अमेरिकी राष्ट्रिय हित'लाई गम्भीर चोट पुऱ्याउने छ । उनले के पनि भनेका थिए भने नेपालको स्थितिमा अमेरिकाले 'प्रत्येक दिन' ध्यान दिइरहेको छ । यो त्यति बेलाको कुरा हो, जति बेला माओवादी जनयुद्ध चलिरहेको थियो । दक्षिण एसियामा भारतको सहयोग बिना अमेरिका आफ्नो दबदबा चलाउन सक्दैनथ्यो । र, भारत जहिल्यै राजतन्त्रलाई सहयोग गरिरहन्थ्यो ।

नेपालको सन्दर्भमा यसको मूल सिद्धान्त नै 'ट्विन पिलर थ्योरी' थियो अर्थात् दुई स्तम्भको सिद्धान्त- पहिलो स्तम्भ राजतन्त्र थियो भने दोस्रो स्तम्भ राजनीतिक दल । नेपालको स्थिरताका लागि उ यसलाई जरुरी ठान्थ्यो । यति हुँदाहुँदै पनि प्रचण्डको नेतृत्वमा रहेको जनमुक्ति सेनाले राजा ज्ञानेन्द्र शाहले नेतृत्व गरिरहेको शाही नेपाली सेनालाई निर्णायक पराजयतर्फ धकेलिरहेको थियो । र, राजधानी काठमाडौंलाई चौतर्फी घेर्न सफल रह्यो । अमेरिका चाहेर पनि केही गर्न सकिरहेको थिएन ।

त्यसपछि अमेरिकाले नेपाली सेनामा घुसपैठ सुरु गऱ्यो र गणतन्त्र घोषणापछि यो कामले झनै तीव्रता हासिल गऱ्यो । हालसम्म परम्परागत रूपमा के ठानिन्थ्यो भने भारत र नेपाली सेनाबिच भाइचारा सम्बन्ध छ । यो कुरा सत्य पनि हो । यस विषयमा विस्तारपूर्वक लेख्ने समय छैन तर अमेरिकी घुसपैठबारे आम रूपमा कसैले पनि ध्यान दिइरहेको थिएन । यसतर्फ प्रचण्डलाई ध्यान दिन आग्रह गर्दा उनले यसलाई निकै हल्का रूपमा लिएको महसुस भयो । एउटा अपुष्ट सूचनाका अनुसार नेपाली सेनामा दुई सय भन्दा धेरै सैन्य अधिकारीहरू लाभार्थी छन् र यो लामो समयदेखि चलिरहेको छ ।

सामाजिक सञ्जालमा लगाइएको प्रतिबन्धलाई बहाना बनाएर जेनजी आन्दोलन सुरु भयो । निश्चित रूपमा त्यो युवाहरूको वास्तविक मागहरूमा टेकेर आह्वान गरिएको थियो र प्रथम दृष्टिमै स्वत:स्फूर्त लाग्थ्यो । तर, वास्तवमा त्यो स्वत:स्फूर्त थिएन । खासमा भन्ने हो भने त्यो व्यवस्थित र संगठित थियो । ती युवाहरूको वास्तविक चासोलाई आफ्नो पक्षमा प्रयोग गर्ने शक्ति पर्दा पछाडिबाट यसलाई सञ्चालन गरिरहेका थिए । र, अमेरिका नेपालमा गणतन्त्र विरोधी, वामपन्थ विरोधी एजेन्डा लागू गराउन र प्रतिक्रान्तिलाई निर्णायक मोडमा पुऱ्याउन कम्मर कसेर मैदानमा ओर्लियो ।

आन्दोलनको दोस्रो दिनमै मलाई त्यसको आभास भयो, जब सेना प्रमुखले प्रधानमन्त्री केपी ओलीलाई राजीनामा गर्न दबाब दिएको समाचार प्रकाशित भए । यस भन्दा अघि नेपालका कुनै पनि सेना प्रमुखले यत्तिको साहस गरेका थिएनन् । जति ठुलो स्तरमा आन्दोलनकारीहरूले सरकारी सम्पत्ति नष्ट गरे, त्यसले पनि उनीहरूको देश र जनताप्रतिको प्रतिबद्धतातर्फ सङ्केत गरिरहेको थियो । आन्दोलनको सञ्चालन कसले गरिरहेका थिए भन्ने जानकारी बिस्तारै-बिस्तारै सतहमा आउँदैछ । मुख्य भूमिकामा छन्- बालेन्द्र शाह (बालेन) । उनी काठमाडौंका मेयर हुन् । अर्का हुन्- सुदन गुरुङ, उनी 'हामी नेपाल' नामको एनजीओका सञ्चालक हुन् । टाइम पत्रिकाको सन् २०२३ को 'टप १००' व्यक्तिहरूको सूचिमा बालेनको नाम छ । त्यस्तै गुरुङको एनजीओमा अमेरिकी संस्थाहरूले वित्तीय सहयोग गरेको देखिन्छ ।

नेपालले भविष्यमा कुन दिशा तय गर्नेछ भन्नु अझै पनि हतारो नै हुन्छ । तथापि स्पष्ट ढङ्गले के भन्न सकिन्छ भने नेपाल इतिहासकै सबै भन्दा भीषणतम समयबाट गुज्रिरहेको छ । दुई दिनसम्मको पागलपनपछि यो सबै कसरी भयो भनी नेपालका विचारवान् व्यक्तिहरू आत्ममन्थन गरिरहेका छन् । त्यसैले निकै चनाखो र सतर्क हुनुपर्ने आवश्यकता छ । 'नेपालले भविष्यमा कुन दिशा तय गर्नेछ भन्नु अझै पनि हतारो नै हुन्छ' भन्ने वाक्यसहित मैले आफ्नो टिप्पणी समाप्त गरेको थिएँ । तर, जेनजी आन्दोलनपछि नेपालको राजनीतिक रङ्गमञ्चमा नयाँ नाटक सुरु भएको छ, जसलाई तपाईं 'एब्सर्ड थिएटर' भन्न सक्नु हुन्छ । यस नाटकका सबै अभिनेता उनै हुन्, जसलाई जेनजी आन्दोलनले दपेटेको थियो, जसका घर जलाइएका थिए र जसले आफ्नो ज्यान जोगाउन सैन्य क्याम्पको चार पर्खाल रोज्नु परेको थियो ।

ती सबै अभिनेताहरू आफ्नो रङ-रूप फेरेर, नयाँ मेकअपसहित र नयाँ परिधान धारण गर्नमा लागेका छन्, ताकि जनतालाई फेरि धोका दिन सकियोस् । यी सबै तिनै व्यक्ति हुन्, जो कुनै जमानामा पूजनीय थिए । प्रचण्ड पनि जसका बारेमा सन् २००६ मा के भनिन्थ्यो भने उनले समग्र दक्षिण एसियामै नयाँ प्रकाश छर्ने छन् । एउटा नयाँ बाटो देखाउने छन् । जसले प्रचण्डको पहिलो भारत यात्रा देखेका थिए, उनीहरूलाई थाहा होला सार्वजनिक कार्यक्रममा उनको एकातर्फ प्रधानमन्त्री बीपी सिंह र अर्कोतर्फ पूर्व प्रधानमन्त्री आईके गुजराल थिए ।

*क्रमश: पृष्ठ-३...*

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ मंसिर २६ गते शुक्रबार १२ डिसेम्बर २०२५ । अष्ठमी, पौष कृष्णपक्ष । थिंलागा ११४६ ने.सं. । सूर्योदय ६:४६ सूर्यास्त ५:०८ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : रमाइलो यात्रा हुनेछ | **तुला** | : धार्मिक आस्था बढ्नेछ |
| **वृष** | : धन कमाउने योग परेको छ | **वृश्चिक** | : कल्याणकारी कार्यकोअवसर मिल्नेछ |
| **मिथुन** | : पश्चात्ताप लाग्नेछ | **धनु** | : अधिक परिश्रम गर्नु पर्नेछ |
| **कर्कट** | : शारीरिक आलस्यता बढ्नेछ | **मकर** | : मेहनतको फल पाइनेछ |
| **सिंह** | : सकारात्मक सोचाइ रहनेछ | **कुम्भ** | : कार्यभार र व्यस्तता बढ्नेछ |
| **कन्या** | : दया मायाका कार्य हुनेछन् | **मीन** | : व्यापार-व्यवसाय सामान्य रहनेछ |




# लगातार जितको लयमा लुम्बिनी, काठमान्डुविरुद्ध बदला लिँदै क्रुवालिफायरमा प्रवेश



काठमाडौं/सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेट २०२५ मा लगातार जितको लयलाई कायमै राख्दै लुम्बिनी लायन्स फाइनलको नजिक पुगेको छ । बुधबार भएको इलिमिनेटर खेलमा काठमान्डु गोर्खाजको दबदबा अनि चुनौती समाप्त पार्दै लुम्बिनी दोस्रो क्रुवालिफायरमा प्रवेश गरेको छ ।

यसअघि भएका दुवै भेटमा काठमान्डुले लुम्बिनीमाथि जित हासिल गरेको थियो । काठमान्डुले त्यो दबदबा कायमै राख्ने सोचका साथ मैदान उत्रँदा लुम्बिनीले भने बदला लिँदै काठमान्डुलाई उपाधि यात्राबाट बाहिर पठाएको हो ।

गत संस्करणको लिग चरण तथा यस संस्करणको लिग चरणमा भएका खेलमा काठमान्डुले नै बाजी मारेको थियो । यसपटक भने लुम्बिनी विजयी भयो । टस जितेर पहिले ब्याटिङ नै रोजेको काठमान्डुलाई १११ रनमै अलआउट गरेर लुम्बिनीले संयमित ढंगले लक्ष्य पूरा गर्‍यो ।

लुम्बिनीको जितमा पछिल्लो समय महत्वपूर्ण प्रदर्शन गर्दै आएका शेर मल्लले आजपनि शानदार प्रदर्शन गरे । यस्तोमा लुम्बिनीले लगातार चौथो जितका साथ अब फाइनलतर्फ थप एक कदम अघि बढाएको छ, तर फाइनल पुग्नका लागि अब एउटा महत्वपूर्ण खुड्किलो भने बाँकी नै छ ।

लुम्बिनीले अब फाइनल प्रवेशका लागि बिहीबार विराटनगर किङ्सको सामना गर्नेछ । विराटनगर मंगलबार सुदूरपश्चिम रोयल्ससँग पराजित भएपछि फाइनल प्रवेशका लागि दोस्रो मौका पाएको थियो ।

### चम्किँदै शेर मल्ल

लुम्बिनी लायन्सका लागि यस संस्करण ब्याटिङ र बलिङ दुवैमा नेपाली खेलाडीको प्रदर्शन अग्रणी भूमिकामा देखिएको छ । निरन्तर राम्रो प्रदर्शन गर्दै आइरहेका स्पीनर शेर मल्लले बुधबार पनि उक्त लयलाई निरन्तरता दिए । यस संस्करणका लागि अक्सनबाट लुम्बिनी लायन्समा अनुबन्ध भएका शेर लुम्बिनीका लागि 'एक्स फ्याक्टर प्लेयर'का रूपमा देखिएका छन् ।

पछिल्ला खेलहरूमा लुम्बिनीको जितमा विपक्षीका टप अर्डर ब्याटरलाई दुःख दिँदै आइरहेका शेरले आजपनि सोही काम गरे । विदेशी खेलाडीमा बढी भर परेको काठमान्डुको ब्याटिङ ध्वस्त पार्नमा भूमिका खेले ।

खेलको दोस्रो ओभर बलिङ गर्न आएका शेरले पहिलो बलमै आकाश त्रिपाठीलाई आउट गरे भने आफ्नो दोस्रो ओभरमा मिलिन्द कुमारलाई पनि आउट गरे । अर्कोतर्फ रुबेन ट्रम्पलमनले पनि दुई विदेशी ब्याटर सन्नी पटेल र बेन चार्ल्सवर्थलाई आउट गरेपछि काठमान्डु खेलमा पछाडि परिसकेको थियो ।

१०औं ओभरमा कप्तान रोहित पौडेलले भीम सार्की र राशिद खानलाई पनि आउट गरेपछि काठमान्डु ५१-६ को दयनीय अवस्थामा पुगेको थियो । आदिल आलमले केही ठूला शटहरू खेलेपनि उनलाई शेर मल्लले १४औं ओभरमा बोल्ड गरिदिए । सुरुवातदेखि नै निरन्तर विकेट गुमाएको काठमान्डु त्यसपछि कुनैपनि समय खेलमा फर्कन सकेन । ३ विकेट लिएका शेर मल्ल प्लेयर अफ द म्याच पनि घोषित भए ।

८ खेलमा विकेट संख्या १३ पुऱ्याएका शेर मल्ल लुम्बिनीका लागि सर्वाधिक विकेट लिने बलर हुन् भने एनपीएलकै सर्वाधिक विकेट लिने सूचीमा पनि तेस्रो स्थानमा छन् । कप्तान रोहित पौडेलले शेर मल्लको भूमिका धेरै महत्वपूर्ण भएको बताए । 'शेर मल्ल एकदम महत्वपूर्ण भूमिकामा छन् । जतिबेला बलिङ दिएपनि विकेट निकालेर दिइरहेका छन् क्रुसियल समयमा' उनले भने, 'टिमले जित्नका लागि विकेट महत्वपूर्ण हुन्छ, उनले प्रदर्शन पनि गरिरहेका छन् । उनको भविष्य पनि उज्ज्वल देखिएको छ।'

### लगातार जितको लयमा लुम्बिनी

लुम्बिनी लायन्सले सुरुवाती खेल जितेपछि लगातार ३ खेलमा पराजित भएर कठिन अवस्थामा पुगेको थियो । त्यसपछि चुनौतीका बीच लुम्बिनीले शानदार पुनरागमन गर्दै बाँकी तीनवटै खेल जितेर प्लेअफमा स्थान बनाउन सफल भएको थियो । त्यो लयलाई लुम्बिनीले प्लेअफमा पनि कायमै राखेको छ र पहिलो क्रुवालिफायरमा काठमान्डु गोर्खाजलाई हराउन सफल भयो ।

लुम्बिनीले प्रतियोगिताको बीचमा विदेशी खेलाडीदेखि टिम कम्बिनेसनसम्म परिवर्तन गरेको थियो । त्यसले पनि लुम्बिनीको टोलीमा सकारात्मक परिवर्तन ल्याएको देखिएको छ । शेर मल्ललाई बलिङमा रुबेन ट्रम्पलमन र कप्तान रोहित पौडेलबाट पनि साथ मिलिरहेको छ । ब्याटिङमा पनि सबैबाट सानो-सानो योगदान भइरहँदा लुम्बिनी जितको लय कायमै राख्न सफल भइरहेको छ ।

यही लय लिएर लुम्बिनीले अब २४ घण्टाभित्रै अर्को महत्वपूर्ण खेल खेल्दै छ । कप्तान रोहित पौडेलले हरेक खेल नकआउट जसरी नै खेल्दै आएको र यस खेललाई पनि त्यसरी नै लिने बताएका छन् ।

'भोलिको खेल दुवैलाई नकआउट हो, प्रेसर दुवैलाई बराबर हुन्छ । दुवै टोलीमा राम्रा खेलाडी छन् । जसले प्रेसर ह्यान्डल गर्न सक्छ त्यही टोलीले जित्न सक्छ' उनले भने, 'हाम्रा लागि ४ वटै खेल नकआउटजस्तै थिए, हारेपछि बाहिरिने खालको थियो । अब बाँकी खेल पनि त्यस्तै हुन्, भोलिको खेल महत्वपूर्ण हुनेछ ।'

### काठमान्डुको यात्रा समाप्त

पहिलोपटक प्लेअफमा पुगेको काठमान्डुको यात्रा भने इलिमिनेटरबाटै समाप्त भएको छ । लिग चरणमा पनि उतारचढावको यात्रासहित प्लेअफमा पुगेको काठमान्डुले जितको लयलाई निरन्तरता दिन सकेन ।

प्रशिक्षक मोन्टी देशाईले १४० रनसम्मको योगफल जितका लागि पर्याप्त हुन सक्ने बताए । '१३०-१४० सम्मको स्कोर पार स्कोर हुने अनुमान गरेका थियौं तर मिस गऱ्यौं हामीले । पावरप्ले राम्रो हुन सकेन । उनीहरूले राम्रो बलिङ गरे अनि हाम्रा ब्याटरहरूले साझेदारी बनाउन पनि सकेनन्' मोन्टीले भने ।

विदेशी खेलाडीमा बढी निर्भर रहेको काठमान्डुका लागि महत्वपूर्ण खेलमा विदेशी खेलाडी नचल्दा नेपाली खेलाडीहरू पनि स्टेप अप गर्न सकेनन् ।

(स्रोत:अनलाइनखबर)

# प्रधानमन्त्री कुलपति रहने व्यवस्था हटाउँछौं: प्रधानमन्त्री कार्की



साझाकुरा संवाददाता

हेटौंडा, २४ मंसिर/ प्रधानमन्त्री सुशीला कार्कीले विश्वविद्यालयमा प्रधानमन्त्री कुलपति नहुने व्यवस्था गर्न आफू लागेको बताएकी छिन् ।

बुधवार धुलिखेलमा आयोजित काठमाडौं विश्वविद्यालयको ३१ औं दीक्षान्त समारोहमा उनले विश्वविद्यालयमा हुने राजनीतिकरणलाई अन्त्य गर्न पनि सरकारले विश्वविद्यालयमा प्रधानमन्त्री कुलपति हुने व्यवस्था परिमार्जन गर्न लागेको बताइन् । यो विश्वविद्यालयका कुलपति समेत रहेकी प्रधानमन्त्री कार्कीले प्रधानमन्त्रीलाई कुलपति नराख्ने गरी ऐनमा परिमार्जन गर्न सरकारले शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महावीर पुनको नेतृत्वमा शिक्षाविद्, विश्वविद्यालयका कुलपति, उपकुलपति र अन्य सरोकारवालासँग गम्भिर परामर्श गरिरहेको जानकारी दिइन् । प्रधानमन्त्री कार्कीले नेपालको उच्चशिक्षा सुधारमा काठमाडौं विश्वविद्यालयको खेलेको भूमिकाको प्रशंशा गर्दै त्यसको अनुशरण गर्दै अघि बढ्न अन्य विश्वविद्यालयलाई पनि आग्रह गरिन् ।

नेपालको उच्चशिक्षामा राजनीतिकरणको परम्परालाई अन्त्य गर्न सरकार यो काममा लागेको प्रधानमन्त्री कार्कीको भनाई थियो । 'पछिल्लो केही समयदेखि प्रधानमन्त्री नै विश्वविद्यालयको कुलपति हुने व्यवस्थालाई परिमार्जन गर्नुपर्ने आवश्यक्ताको बोध भएकोछ । शिक्षामन्त्री महावीर पुनजीले शिक्षाविद विश्वविद्यालयको कुलपति, उपकुलपति लगायत उच्च नेतृत्व र अन्य सरोकारवालासँग यो विषयमा गम्भिर परामर्श र गृहकार्य गरिरहनुभएको छ । ऐनमा संशोधन गरेर प्राज्ञिक व्यक्ति कुलपति हुने व्यवस्था गर्नेतर्फ हामी लागेका छौं । यस्तो व्यवस्थाबाट नेपालको उच्चशिक्षामा राजनीतिकरणको परम्परालाई अन्त्य गर्नेछ भन्ने हाम्रो विश्वास छ ।

नेपालको उच्चशिक्षालाई सुधार गर्न काठमाडौं विश्वविद्यालयका गरेका सकारात्मक पहल र ढाँचालाई अन्य विश्वविद्यालयले अनुशरण गर्नुपर्ने मैले देखेको छु' उनले भनिन् ।

# कैलाशमा पहिलोपटक शैक्षिक प्रदर्शनी

साझाकुरा संवाददाता

हेटौंडा, २४ मंसिर/ मकवानपुरको कैलाश गाउँपालिकामा पहिलोपटक पालिकास्तरीय शैक्षिक प्रदर्शनी गरिएको छ । बुधबार कैलाश-३ स्थित भवानी माविमा प्रदर्शनी आयोजना गरिएको हो ।



गाउँपालिकाको आयोजनामा भएको प्रदर्शनीमा पालिकामा रहेका ८ वटा विद्यालयका विद्यार्थीको सहभागिता रहेको थियो । वडा नं. ३ का कार्यबाहक अध्यक्ष राममाया प्रजाको अध्यक्षता रहेको कार्यक्रममा गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानको प्रमुख आतिथ्यता रहेको थियो । अध्यक्ष मुक्तानले विद्यार्थीको सिकाई प्रदर्शनीले विद्यार्थीमा नयाँ सिकाई र ज्ञान बढ्ने बताए । विद्यार्थीले तयार पारेका सामग्रीमा पुराना परम्परागत सामान, हस्तकलाका सामान, मेशिन औजार, विज्ञानका विभिन्न जानकारीमूलक सामग्रीले एक आपसमा सिकाइ र अनुभव साटासाट हुने उनले बताए ।

नीति तथा कार्यक्रममा समेट्दै कार्यक्रम राखिएकाले आगामी दिनमा पनि थप उर्जाका साथ कार्यक्रम गरिने प्रतिवद्धता अध्यक्ष मुक्तानले जाहेर गरे । प्रदर्शनीमा सरस्वती आधारभूत विद्यालय कैलाश-२ प्रथम भएको छ भने कालिका मावि कैलाश-९ द्वितीय र कमलादेवी मावि कैलाश-२ तृतीय भएको छ । पुरस्कृत विद्यालयले नगद, ट्रफि, मेडल र प्रमाणपत्र प्राप्त गरेका छन् । आधारभूत तह (कक्षा १-८) र माध्यमिक तह सञ्चालित विद्यालयका विद्यार्थीको अर्न्तनिहित क्षमता तथा प्रतिभा पहिचान तथा सिकाइ आदानप्रदान गर्ने उद्देश्यले प्रदर्शनीको आयोजना गरिएको शिक्षा तथा खेलकुद विकास शाखाप्रमुख समीर जोशीले बताए । प्रदर्शनीमा विद्यार्थीले तयार गरेका सामग्रीको मूल्यांकनको आधारमा उत्कृष्ट छनोट गरी पुरस्कृत गरिएको उनले बताए ।

कार्यक्रममा शिक्षा शाखाप्रमुख जोशी, सहायक विद्यालय निरीक्षक दीपेन्द्र अधिकारी, मूल्यांकनकर्ता सहायक कम्प्युटर अधिकृत लक्ष्मण खतिवडा, ईन्जिनियर अनिलप्रसाद जोशी, भवानी माविका प्रअ बालचन्द्र मल्लठकुरी, स्रोत शिक्षक ध्रुवराज विष्टलगायतको आतिथ्यता रहेको थियो ।

# मनहरी-२ बाट लापा कार्यक्रम सुरु

साझाकुरा संवाददाता

हेटौंडा, २४ मंसिर/ मकवानपुरको मनहरी गाउँपालिका-२ बाट स्थानीय अनुकूलन कार्ययोजना तर्जुमासम्बन्धी जोखिम तथा संकटासन्नता विश्लेषण कार्यशाला सुरु गरिएको छ ।

मनहरी-२ को वडा कार्यालयमा मकवानपुर महिला उत्थान समाजको साझेदारीमा कार्यशाला सुरु गरेको हो । कार्यशालामा स्थानीय जोखिम पहिचान, जलवायु परिवर्तनका प्रभाव, विपद् संवेदनशीलता तथा सम्भावित अनुकूलन उपाय विषयमा समूहगत छलफल गरेको छ । यसअघि सोही कार्यक्रम दुई दिनसम्म हेटौंडामा सम्पन्न भइसकेको छ । अब मनहरीका सबै वडामा लापा तर्जुमासम्बन्धी कार्यशाला सञ्चालन हुँदै जाने आयोजक संस्थाले जनाएको छ । मनहरी-२ का अध्यक्ष राजकुमार पाख्रिनको सभापतित्वमा कार्यक्रम भएको हो ।

कार्यक्रममा टोल विकास समितिका प्रतिनिधि, वडाका जनप्रतिनिधि, स्थानीय सरोकारवाला तथा समुदायका सदस्यको सहभागीता थियो । सहभागीले आफ्ना वडामा रहेका प्रमुख जोखिम, विपद् प्रवणक्षेत्र, प्रभावित समूह तथा समाधानका प्राथमिकता प्रस्तुत गरे । सहभागितामूलक प्रक्रियाबाट तयार हुँदै गरेको यो कार्ययोजनाले मनहरी गाउँपालिकाको दीर्घकालीन जलवायु अनुकूलन तथा विपद् व्यवस्थापन योजनालाई सुदृढ बनाउने अपेक्षा गरिएको छ ।

कार्यक्रममा मनहरी-२ का वडाध्यक्ष पाख्रिन, तीनतले झुल्यान टोल विकास संस्था तथा दिगो कृषि सहकारी संस्थाका अध्यक्ष चन्द्रसिं स्याङ्तान, सीता माविका प्राध्यापक विशाल घलान, वडाका शाखा प्रतिनिधि तथा नेकपा एमाले मनहरी-२ का अध्यक्ष आइडी वाइबालगायतको उपस्थिति रहेको थियो ।

# तिमीले अतीतमाथि पेस्तोल ताक्छौं भने...

त्यसै बैठकमा आईके गुजरालले भनेका थिए- हामीले रुसी क्रान्ति देखेनौं, चिनियाँ क्रान्ति देखेनौं, भियतनामको क्रान्ति पनि देखेनौं तर लेनिन, माओत्सेतुङ र हो ची मिन्हको ठाउँमा साक्षात् प्रचण्डलाई देखिरहेका छौं । प्रचण्डका लागि शायद यो भन्दा ठुलो सम्मान अरू के नै हुन्थ्यो र ? विगत २० वर्षदेखि कुनै न कुनै रूपमा उनी सत्ताको शीर्षमा छन् । आफूप्रति पनि युवा पुस्ताको रोष देखेर- मैले के बिराएँ भनेर उनले अलिक धीर भएर सोच्नु पर्नेछ । यी नेताहरू सेनाको ब्यारेकमा शरण लिन पुग्थेनन् भने शायद बाँच्न पनि गारो पर्थ्यो होला ।

यस उपलब्धिमा शर्मसार हुनु पनि निकै गौण कुरा हो तर यिनीहरू त नयाँ मेकअप गरेर फेरि मञ्चमा आउने तयारी गर्दैछन् । उनीहरू अझै पनि नेतृत्व आफ्नै हातमा हुनुपर्छ भन्ने मोहबाट मुक्त भइसकेका छैनन् । जुलाई २००६मा मैले प्रचण्डको लामो अन्तर्वार्ता गरेको थिएँ । उनी तिनताका अर्धभूमिगत थिए । त्यतिबेला मैले प्रचण्डलाई सोधेको थिएँ- सत्तामा आएसँगै तपाईं पनि भ्रष्ट हुनुहुन्न भन्ने आधार के छ ? त्यसमा उनले जे जवाफ दिएका थिए, ध्यान दिनुपर्ने खालको छ ।

उनले भनेका थिए, 'हामी सत्तामा गयौं भने हाम्रो नेतृत्वको सर्वोच्च टिम दैनन्दिनको प्रशासनिक कामबाट पूर्ण रूपमा अलग रहनेछ । हामी अर्थात् शिर्ष नेतृत्वले एउटा नीति नै बनाएर त्यसको सम्पूर्ण जिम्मेवारी अर्को पुस्तालाई हस्तान्तरण गर्नेछ । भन्नुको अर्थ हामीले दोस्रो पङ्क्तिबाटै राष्ट्रपति वा प्रधानमन्त्री बनाउँछौं र हामीले आफूलाई जनताको सैर्षमा होमिइराख्छौं । दोस्रो पङ्क्तिका जुन नेताहरूलाई हामीले सत्ता सञ्चालनको काम सुम्पिन्छौं, उनीहरूमाथि जनताकै सहयोगमा निगरानी पनि राख्नेछौं । यदि सत्तामा बसेका व्यक्तिबाट गल्ती-कमजोरी हुन्छ भने हामीले नै जनतालाई उनीहरूका विरुद्ध सडकमा ल्याई पुऱ्याउन सक्छौं... यो काम चीनमा माओले गर्न सकेनन् । हामीले यसै गर्नुपर्छ र गरेर देखाउने छौं ।'

दुई वर्षपछि अगस्ट २००८मा प्रचण्डले पहिलो पटक प्रधानमन्त्रीको शपथ लिए । र, त्यसपछि आजका दिनसम्म पनि उनले आफैले बोलेको कुरालाई कहिल्यै पालन गरेर देखाएनन् । उनको त्यो सङ्कल्प त्यसै चिसिँदै गयो । जेनजी आन्दोलनका क्रममा बिना कुनै अपवाद सबै राजनीतिक दलका प्रमुख नेताहरूको घरमा आन्दोलनकारीहरूले आक्रमण गरेर जबरजस्त क्षति पुऱ्याए । पूर्व प्रधानमन्त्री एवं नेकपा (एकीकृत समाजवादी) का नेता झलनाथ खनालको घर जलाई दिए, उनकी पत्नी त्यस आगोमा परेर नराम्ररी घाइते भइन् । नेपाली काँग्रेसका सभापति तथा पूर्व प्रधानमन्त्री शेर बहादुर देउवा र उनकी पत्नीलाई आन्दोलनकारीहरूले लाइभ स्ट्रिमिङ गरेर कुटे । अरूको त कुरै छोडौं युवाहरूको रोषबाट प्रचण्ड पनि जोगिन सकेनन् । उनको घर जलाइयो । आखिर यी सबै नेताहरूप्रति जनतामा यति धेरै घृणा किन छ ? यसका लागि सेना, अमेरिका वा मुट्ठीभर राजावादीहरूलाई जिम्मेवार ठहऱ्याएर पुग्दैन । यी घृणाका जराहरू धेरै गहिरा छन् । आन्दोलनको राप-ताप चिसिन थालेसँगै जनताका बिच आफ्नो विश्वसनीयता गुमाई सकेका यी नेताहरू आफूलाई नयाँ शिराबाट सङ्गठित गर्ने प्रयास गर्दैछन् । जनता उनीहरूबाट आजित भइसके र उनीहरू नयाँ नेतृत्व चाहिँ रहेका छन् भन्ने उनीहरू अझै बुझ्न चाहिरहेका छैनन् । केही महिना अघि मात्रै प्रचण्डले नेतृत्व गरेको नेकपा (माओवादी केन्द्र) को ठुलो बैठक भएको थियो, जसको उद्देश्य पार्टीलाई पुनर्गठित गर्नु थियो । जेनजी आन्दोलनपछि सेप्टेम्बरमा मात्रै उनले पार्टीको केन्द्रीय समिति सहित सबै कमिटी भङ्ग गरिदिएका थिए । उनले जेनजी आन्दोलनसँग पार्टीलाई जोड्नका लागि त्यसै अनुकूलका नीतिहरू अघि सार्ने बताए ।

(साभार: रातोपाटी)

# सिबिफिनको रिटले बैंकलाई जग्गामा हदबन्दी, सर्वोच्चको आदेशले धितो सकार्न नसक्ने

काठमाडौं/बैंक तथा वित्तीय संस्थाले हदबन्दी भन्दा धेरै जग्गा हुने गरी धितो सकार गर्न नसक्ने भएका छन् । सर्वोच्च अदालतले भूमि ऐन २०२१ को दफा १२ 'च' को व्यवस्था तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएपछि बैंकहरू पुरानै हदबन्दीको अवस्थामा फर्केका हुन् ।

कोरोना महामारी तथा आर्थिक मन्दीका कारण बैंक तथा वित्तीय संस्थाका ऋणीले समयमा कर्जा तिर्न सकेनन् । समयमा कर्जा तिर्न नसकेपछि कर्जा डिफल्ट दर बढेर खराब कर्जाको अंश हालसम्मकै उच्च हुन पुग्यो । त्यस्तै कर्जा डिफल्ट भएर धितो बिक्री पनि नभएपछि बैंक तथा वित्तीय संस्थाको असुलीमै समस्या आउन थाल्यो । त्यसपछि बैंकहरूले डिफल्ट भएको कर्जाको धितो सकार गरेर निष्क्रिय कर्जा घटाउनेतर्फ लागे । धितो सरकार गरेर कर्जा सेटल गर्न खोज्दा भूमिको हदबन्दी सम्बन्धी व्यवस्था बाधक बन्यो ।

त्यसपछि बैंकहरूले लबिङ गरेर भूमि ऐन २०२१ मा दफा १२ 'च' व्यवस्था गराएका थिए । सरकारले २०८१ सालमा लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक २०८१ मार्फत भूमि ऐन पनि संशोधन गऱ्यो । भूमि ऐन संशोधन भई हदबन्दी भन्दा धेरै जग्गा पनि बैंकहरूले राख्न पाउने व्यवस्था गऱ्यो । त्यसपछि बैंकहरूले निष्क्रिय कर्जा घटाउने धितो सकार गरी गैरबैंकिङ सम्पत्ति बढाउन थालेका थिए । पछिल्लो अवस्थामा धेरै बैंक तथा वित्तीय संस्थाका नाममा भएको जग्गा हदबन्दी भन्दा धेरै रहेको एक बैंकरले बताए ।

'भूमि ऐन संशोधनपछि बैंक तथा वित्तीय संस्थाले आक्रामक रूपमा धितो सकार गरेको अधिकांश बैंक तथा वित्तीय संस्थाका नाममा भएको जग्गा हदबन्दी भन्दा धेरै छ,' ती बैंकरले भने, 'अदालतको अर्को आदेश नआउँदासम्म कर्जा सेटल गर्ने अवस्था रहेन, धितो सकार गर्न सर्वोच्चले रोक लगाएको छ, यसले चालु आर्थिक वर्षको दोस्रो त्रैमासमा खराब कर्जा अझै बढ्न र असुलीमा समेत समस्या हुने निश्चित छ ।'

बैंक तथा वित्तीय संस्था परिसंघले हदबन्दी भन्दा धेरै भएको जग्गा ३ वर्षभित्र बिक्री गरिसक्नुपर्ने व्यवस्थाको विरोधमा सर्वोच्चमा रिट हालेको उनले बताए । उक्त रिटमा सुनुवाइ गर्दै सर्वोच्चले दफा नै निष्क्रिय गरिएको हुनाले बैंकहरूले आफ्नो नाममा राख्न पाउने जग्गाको सीमा पुरानै अवस्थामा फर्किएको ती बैंकरको भनाइ छ ।

सरकारले बैंक तथा वित्तीय संस्थालाई सहजीकरण गरेको हदबन्दी सम्बन्धी व्यवस्था पनि सोही दफामा भएकाले तोकिएको सीमाभन्दा माथि हुने गरी धितो सकार गर्न बैंक तथा वित्तीय संस्थाले नपाउने वरिष्ठ अधिवक्ता उपेन्द्रकेशरी न्यौपानेले बताए । 'सर्वोच्चको आदेशपछि बैंक तथा वित्तीय संस्थाले धितो सकार गर्ने सीमा भूमि ऐनमा दफा १२ 'च' राखिनुभन्दा अघिको अवस्थामा पुगेको छ,' उनले भने, 'सर्वोच्चको पूर्ण फैसला नआउँदासम्म बैंकहरूलाई कर्जा सेटल गर्न अप्ठ्यारो पर्ने देखियो, खराब कर्जा झनै बढ्ने अवस्था देखियो ।'

बैंकहरूले अहिले सकार गरेको सीमाभन्दा बढीको जग्गा बिक्री गर्न पनि रोक लगाइएको उनले बताए । 'कार्यान्वयन नगर्नू भनेपछि बेच्न पनि गाह्रो भयो नि त, बेच्न नि मिलेन, लिन नि मिलेन,' उनले भने । हाल बैंकिङ क्षेत्रको कुल गैर बैंकिङ सम्पत्ति ५१ अर्ब रुपैयाँभन्दा धेरै रहेको केन्द्रीय बैंकले जनाएको छ । त्यसैगरी बैंक तथा वित्तीय संस्थाको औसत खराब कर्जा हिस्सा कुल कर्जाको ५.२६ प्रतिशत छ । भूमि ऐन २०२१ को १२ 'च' अनुसार बैंक तथा वित्तीय संस्थाले कर्जा असुली क्रममा सकार गरी आफ्ना नाममा दर्ता कायम गरेको गैरबैंकिङ सम्पत्ति तीन वर्षभित्र बेचबिखन गर्नुपर्ने व्यवस्था गरेको छ ।

उक्त अवधिभित्र बेचबिखन नगरे सरकारको स्वीकृति लिएरमात्र बेचबिखन गर्न सक्छन् । प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत तथा न्यायाधीशहरू कुमार रेग्मी, हरिप्रसाद फुयाँल, डा. मनोजकुमार शर्मा र डा. नहकुल सुवेदी समेत भएको ५ जनाको संवैधानिक इजलासले १० मंसिर २०८२ मा बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन) समेतले सरकार समेतलाइ विपक्षी बनाई दायर गरेको रिट निवेदनमा सुनुवाइ गर्दै यस्तो अन्तरिम आदेश जारी गरेको हो । भूमिसम्बन्धी ऐनमा थप भएको उक्त दफा १२ 'च' को संशोधित व्यवस्था नेपालको संविधानको धारा १७ (२) (च) र धारा २५ को सम्पत्ति सम्बन्धी हकसँग बाझिएकाले प्रारम्भदेखि नै बदर गरिपाउँ भनी संवैधानिक इजलास समक्ष उत्प्रेषण परमादेश समेतको रिट दायर भएको थियो ।

## ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

ब्लु हेवन टेलर्स्
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

## के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

## बागमती प्रदेशमा पूर्वाधार विकासको 'नयाँ माइलस्टोन'

# मन्त्री डा. देवकोटाका ५ प्राथमिकता

साझाकुरा संवाददाता

हेटौंडा, २४ मंसिर/ बागमती प्रदेश सरकारले भौतिक पूर्वाधारको क्षेत्रमा परम्परागत शैलीलाई भत्काउँदै नतिजामुखी र उत्पादनसँग जोडिने गरी काम अघि बढाएको छ ।

भौतिक पूर्वाधार विकास मन्त्री डा. दिनेशचन्द्र देवकोटाले मन्त्रालयको जिम्मेवारी सम्हालेपछि 'नयाँ माइलस्टोन' (कोसेढुंगा) खडा गर्ने उद्देश्यका साथ विभिन्न ५ वटा मुख्य विषयलाई प्राथमिकतामा राखेर काम भइरहेको छ । योजनाहरु अलपत्र पर्ने परिपाटी अन्त्य गर्न मन्त्रालयले कडा नीति लिएको छ । मन्त्री देवकोटाका अनुसार मंसिर महिनाभित्रै बहुवर्षीय ठेक्का लगाउने र स्रोत सुनिश्चितताको काम सम्पन्न गर्ने गरी गृहकार्य भइरहेको छ । 'विगतमा पुलको जग हाल्ने तर, स्ल्याब ढलान गर्ने बेला पैसा नपुग्ने समस्या देखियो । अब हामीले डीपीआर, वातावरणीय अध्ययन र आईई पास भएका योजनामा सुरुमै पूर्ण स्रोत सुनिश्चितता गरेर मात्र काम अघि बढाउँदैछौँ । ठूला भवनहरुमा पनि यही प्याकेज लागु हुनेछ,' मन्त्री देवकोटाले भने ।



सडक सञ्जाललाई केवल हिँड्ने बाटो मात्र नभई आर्थिक उपार्जनको माध्यम बनाउने मन्त्रालयको योजना छ । 'सडक त बन्यो तर, बजारका सामान बढी गाउँ प्रवेश गरे, गाउँको सामान सहर आउन सकेन,' गाउँ भित्रिने 'जंक फुड'लाई चाउचाउको संज्ञा दिँदै मन्त्री देवकोटाले भने, 'सडकबाट गाउँमा 'चाउचाउ' त गयो तर, गाउँबाट फिर्ता आउने चिज केही भएन । अब हामी अन्य मन्त्रालयसँग समन्वय गरेर 'सडक र उत्पादन' कार्यक्रम लागु गर्दैछौँ ।' मन्त्रालयले प्रदेशका १३ वटै जिल्लामा कम्तिमा एउटा सडकलाई 'प्रादेशिक गौरवको आयोजना'कारुपमा विकास गर्ने योजना अगाडि बढाएको छ । यसका लागि धादिङको रुबीभ्याली र सिन्धुपाल्चोकको पाँचपोखरी लगायतका रणनीतिक सडकलाई प्राथमिकतामा राखेर गृहकार्य भइरहेको मन्त्री डा. देवकोटाले बताए ।

प्रदेशभित्रका मानव विकास सूचकांकमा सबैभन्दा पछाडि परेका तीन पालिकालाई मन्त्रालयले विशेष लक्षित गरेको छ । '११९ पालिकामध्ये मानव सूचकांकमा तल परेका सिन्धुलीको घ्याङलेख, धादिङको रुबीभ्याली र सिन्धुपाल्चोकको पाँचपोखरीलाई केन्द्रित गरेर डीपीआर बनाई स्रोत सुनिश्चितताका साथ काम अघि बढाउँदैछौँ,' उनले बताए । 'हिउँदमा बाटो बन्ने र बर्खामा बग्ने' नियति रोक्न मन्त्रालयले प्राविधिक समाधान खोजेको छ । 'इकोसिस्टम बेस्ड एडप्टेसन र बायो इन्जिनियरिङ प्रविधिको प्रयोग गरेर दिगो पूर्वाधार बनाउन हामीले काम थालेका छौँ,' मन्त्री देवकोटाले भने, 'अब बन्ने संरचनाहरु जलवायु परिवर्तन अनुकूल हुने गरी निर्देशिका तयार गरिँदैछ ।'

पछिल्लो समय भएका आन्दोलन र अन्य कारणले प्रदेश सरकारका भौतिक संरचनामा पुगेको क्षतिको विवरण संकलन गरी पुनर्निर्माणको टेन्डर प्रक्रिया सुरु भइसकेको मन्त्री डा. देवकोटाले जानकारी दिए । १० वटा बस्तीलाई छनोट गरी तीनवर्षे कार्यक्रम लागु गर्ने, दक्षिणकाली नगरपालिकालाई केन्द्रित गरी फोहोरमैला व्यवस्थापन गर्ने र हेटौंडा उपमहानगर पालिकासँगको सहकार्यमा व्यवस्थित 'ल्यान्ड पुलिङ' (जग्गा एकीकरण) आयोजना सञ्चालन गर्ने तयारी मन्त्रालयको छ । प्रदेशको विकासमा स्रोत र प्रविधिको अभाव हुन नदिन विभिन्न दातृनिकायसँग छलफल भइरहेको छ । मन्त्री देवकोटाले संघीय सरकारसँग सहजीकरण गर्दै र दातृनिकायलाई प्रदेशमा भित्राएर छोटो समयमै देखिने गरी व्यवस्थित र 'नयाँपन' सहितको काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

# मनहरीका कृषकले पाए बाली क्षतिबापतको बीमा रकम



साझाकुरा संवाददाता

हेटौंडा, २४ मंसिर/ मकवानपुरमै पहिलोपटक धानबाली बीमा गराएको मकवानपुरको मनहरीका कृषकले बाली क्षतिबापतको बीमा रकम प्राप्त गरेका छन् ।

मनहरी गाउँपालिकाले शिखर इन्स्योरेन्स कम्पनीसँग सम्झौता गरी गाउँपालिकाक्षेत्रका किसानको गत असारमा धानबालीको बीमा गराएको थियो । धानबाली बीमा गराएका किसानमध्ये १९ जनाले १ लाख ३३ हजार रुपैयाँ क्षतिपूर्ति पाएका हुन् । बुधबार एक कार्यक्रमकाबीच गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले धानबाली बीमाको क्षतिबापतको रकम किसानलाई हस्तान्तरण गरेका हुन् । बीमा सुरु गरेको पहिलो वर्ष गाउँपालिकाक्षेत्रका ५२ जना किसानले धानबाली बीमा गराएका थिए । जसमध्ये गत असोजको वर्षामा डुबान, फड्के कीराको प्रकोपलगायत कारण क्षति भएको भन्दै १९ जनाले बीमा रकम दाबी गरेका थिए ।

बीमा दाबी गर्नेहरुको क्षतिको मूल्यांकन गरी बीमा कम्पनीले एक किसानलाई ३५ हजार रुपैयाँसम्म भुक्तानी दिएको छ । अन्नबालीमा कीरा तथा अन्य रोगको प्रकोप, डुबान, वन्यजन्तुको क्षतिलगायतका कारण अन्नबाली उत्पादनमा क्षति हुनाले किसान मर्कामा परिरहेकाले अन्न उत्पादन नभएका कारण किसानलाई हुने हानीनोक्सानीको क्षतिपूर्ति भराउने उद्देश्यले गाउँपालिकाले यस वर्षबाट बाली बीमा कार्यक्रम सुरु गरेको गाउँपालिका अध्यक्ष कालाखेतीले जानकारी दिए ।

धानबाली बीमा गर्न इच्छुक किसानलाई निवेदन दिन गाउँपालिकाले सार्वजनिक सूचना जारी गरेको थियो ।

सबै किसानलाई बीमा कार्यक्रममा जोडिन गाउँपालिकाले आह्वान गरेकोमा ३, ६, ७ र ९ नम्बर वडाका किसानले मात्रै बीमा गराएका थिए । बाली बीमा गर्दा कुल बीमांक रकमको ८० प्रतिशत रकम गाउँपालिकामार्फत् संघीय सरकारले अनुदान दिने व्यवस्था छ भने २० प्रतिशत रकम किसान आफैँले बेहोर्नुपर्नेछ । बाली बीमाको २० प्रतिशत बीमांक रकमसमेत तिर्न नसक्ने विपन्न किसानको बीमांक भुक्तानी गाउँपालिकाले गरिदिने गरी बजेट छुट्याइएको अध्यक्ष कालाखेतीको भनाइ छ । बाली बीमालाई अझ व्यवस्थित गर्नुका साथै धेरै किसानलाई समेट्नेगरी गाउँपालिकाले योजना बनाएको उनको भनाइ छ ।

बाली बीमाको रकम हस्तान्तरण कार्यक्रममा अध्यक्ष कालाखेतीले सबै किसानलाई बाली बीमा गराएर क्षतिको जोखिम कम गर्न आह्वान गरे । गाउँपालिकाले धानबालीसँगै अब मकै र तरकारी बालीको पनि बीमा सुरु गर्न लागेको जनाएको छ ।

बीमा कार्यक्रमलाई व्यवस्थित गर्न र क्षतिबारे मूल्यांकन गर्नको लागि शिखर इन्स्योरेन्स कम्पनीले मनहरी गाउँपालिकाको लागि छुट्टै कृषि प्राविधिकको व्यवस्था गर्न लागिएको कम्पनीका हेटौंडा शाखाप्रमुख प्रमोद पोखरेलले जानकारी दिए । बीमा रकम हस्तान्तरण कार्यक्रममा गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत रमेश सुवेदी, ९ नम्बर वडाध्यक्ष राजकुमार श्रेष्ठ लगायतको उपस्थिति रहेको थियो ।

# मकवानपुरगढीले तोक्यो रैथाने बालीको समर्थन मूल्य




साझाकुरा संवाददाता

हेटौंडा, २४ मंसिर/ मकवानपुरको मकवानपुरगढी गाउँपालिकाले पालिकाभित्र उत्पादन हुने विभिन्न रैथाने बालीको न्यूनतम समर्थन मूल्य निर्धारण गरेको छ ।

गाउँपालिकाको आर्थिक विकास समितिले चालु आर्थिक वर्ष २०८२/८३ का लागि कृषिउपजको नयाँ मूल्य तोक्ने निर्णय गरेको प्रमुख प्रशासकीय अधिकृत सुधन लामिछानेले जानकारी दिए । नयाँ दररेटअनुसार कोदो र धानको न्यूनतम समर्थन मूल्य प्रतिकेजी ६० रुपैयाँ कायम गरिएको छ । यस्तै, फापर प्रजातितर्फ तितेफापरको मूल्य ९० रुपैयाँ र मिठे फापरको मूल्य १ सय ५ रुपैयाँ निर्धारण गरिएको छ । गाउँपालिकाले जुनेलोको समर्थन मूल्य प्रतिकेजी ८४ रुपैयाँ तोकेको छ भने सेतो सिमिको मूल्य १ सय २० रुपैयाँ कायम गरेको कृषि शाखाप्रमुख गोपाल लम्सालले जानकारी दिए ।


यसैगरी, कालो सिमिको मूल्य भने प्रतिकेजी १ सय ३० रुपैयाँ निर्धारण गरिएको गाउँपालिकाले जनाएको छ ।

'उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम' कार्यान्वयनको सिलसिलामा यो मूल्य निर्धारण गरिएको पालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानले बताए । पालिकाले यसपटक पनि विगतको वर्षमा जस्तै कृषक, कृषक समूह र सहकारी संस्था मार्फत् रैथाने वाली खरिदबिक्री गरी सोझै किसानलाई अनुदानबापतको रकम प्रदान गरिने उनले बताए । गाउँपालिकाले आर्थिक वर्ष २०७७/७८ मा कृषि विकास कार्यक्रमअन्तर्गत् रैथाने बाली खरिद-बिक्री अनुदान कार्यक्रम सहकारीमार्फत् कार्यान्वयनमा ल्याएको थियो ।

पालिकामा गतवर्ष करिब १८० क्विन्टल रैथानले बाली उत्पादन भएको थियो । यसवर्ष गतवर्षको तुलनामा उत्पादन वृद्धि हुने अपेक्षा पालिकाको छ । प्राय: पालिकाको सबै वडामा रैथाने बाली खेती हुने भएपनि वडा नम्बर १, २, ४, ७ र ८ कोदो पकेटक्षेत्र मानिन्छ । वडा नम्बर ६ र ८ फापरको पकेटक्षेत्रकारुपमा रहेको छ । करिब ५ सय घरधुरी प्रत्यक्ष वा अप्रत्यक्षरुपमा पालिकाको रैथाने बाली प्रवर्द्धन कार्यक्रमबाट लाभान्वित छन् ।

करिब ६ सय हेक्टरमा खेती हुने गरेको गाउँपालिकाले जनाएको छ । यहाँका सामुदायिक विद्यालयको दिवाखाजामा रैथाने परिकार बनाइने गरिन्छ ।

# नारायणगढ-हेटौंडा सडक खण्ड विस्तार हुँदै


नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
आयोजना निर्देशनालय (ए.डी.बी.)
सर्वसाधरणमा अनुरोध
एशियाली विकास बैंकको ऋण सहयोगमा सञ्चालित पृथ्वी राजमार्गको मुग्लिन-पोखरा सडक खण्डको मुग्लिन बजार देखि त्रिशुली पारीपट्टिबाट मर्स्याङ्दी जल विद्युत आयोजना भन्दा पश्चिम पट्टिसम्म गोरखा तर्फबाट २ लेनको नयाँ सडक निर्माण गर्ने र सो पश्चिम आबुँखैरेनीसम्म अहिलेको राजमार्ग चौडाइ गरी

साझाकुरा संवाददाता

हेटौंडा, २४ मंसिर/ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतको सडक विभागले पृथ्वी राजमार्ग र महेन्द्र राजमार्गका महत्वपूर्ण खण्डको स्तरोन्नति तथा विस्तार कार्यलाई तीव्रता दिने भएको छ ।

सडक विभागको आयोजना निर्देशनालय एडीबीले सार्वजनिक सूचना जारी गर्दै एसियाली विकास बैंक (एडीबी) को ऋण सहयोगमा सञ्चालित विभिन्न सडक आयोजनाको विस्तृत विवरण सार्वजनिक गरेको हो । निर्देशनालयका अनुसार पृथ्वी राजमार्गको मुग्लिन-पोखरा सडक खण्डअन्तर्गत मुग्लिन बजारदेखि त्रिशुली पारी (गोरखातर्फ) बाट मर्स्याङ्दी जलविद्युत आयोजनाभन्दा पश्चिमसम्म २ लेनको नयाँ सडक निर्माण गरिनेछ । यो स्थानभन्दा पश्चिम आबुँखैरेनीसम्मको हालको राजमार्गलाई चौडा गरी ४ लेनको बनाइने योजना रहेको छ ।

यस्तै महेन्द्र राजमार्ग अन्तर्गतको नारायणगढ-हेटौंडा सडक खण्डमा व्यापक स्तरोन्नति हुने भएको छ । विशेष गरी गोन्द्रयाङ-टिकौली जंगलक्षेत्रमा २ किलोमिटर लामो फ्लाइओभर निर्माण गरिने भएको छ । राष्ट्रिय निकुञ्जको जंगलमा २ किलोमिटरको फ्लाइओभर सहित हेटौंडाको राप्ती पुलसम्म खुला तथा जंगलक्षेत्रमा ४ लेन सडक सहित विस्तार गरिनेछ । बस्ती तथा बसोबास क्षेत्रमा ४ लेनको मुख्य सडकमा थप १/१ लेनको सर्भिस लेन र सहरी क्षेत्रमा ४ लेनको मुख्य सडकमा थप २-२ लेनको सर्भिस लेन, ड्रेन, फुटपाथ, पैदलयात्रु हिँड्ने पुल र सवारीसाधन वारपार गर्ने पुल निर्माण गरिने जनाएको छ ।

सडक विस्तार र स्तरोन्नतिको कार्य सुरु भइसकेको भन्दै आयोजना निर्देशनालयले सडकको सीमा अतिक्रमण गरी घर, टहरा तथा अन्य संरचना निर्माण नगर्न सर्वसाधारणमा अनुरोध गरेको छ । सहज निर्माणकार्यका लागि सडक क्षेत्रमा पर्ने विद्युत् पोल, ढल, खानेपानी एवम् अन्य सार्वजनिक संरचना स्थानान्तरण गर्न र थप संरचना नबनाउन सम्बन्धित सबैमा सूचनामार्फत् आग्रह गरिएको छ ।

# पालुङ जेसीज सप्ताह: दोस्रो दिन छात्रवृत्ति बितरण

साझाकुरा संवाददाता



हेटौंडा, २४ मंसिर/ पालुङ जेसीज वर्ष २०२५ को जेसीज सप्ताहको दोस्रो कार्यक्रम भारतरत्न छात्रवृत्ति बितरण भएको छ । छात्रवृत्ति कार्यक्रमअन्तरगत थाहा नगरपालिका वडा नं. ११ स्थित कालीदेवी प्राविमा अध्ययनरत ३२ जना विद्यार्थीलाई स्टेसनरी सामग्री प्रदान गरिएको हो ।

पालुङ जेसीज वर्ष २०२५ का कार्यकारिणी उपाध्यक्ष एवम् जेसीज सप्ताह मूलकार्यक्रम संयोजक अजित कार्कीको अध्यक्षता एवम् विद्यालयका प्रधानाध्यापक रुपक उप्रेतीको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । पालुङ जेसीजका निवर्तमान अध्यक्ष निरज रायमाझी, महासचिव सुविन्द्रमान प्रधान, कोषाध्यक्ष अजय कार्की, सहमूल कार्यक्रम संयोजक बिकेशबाबु बस्नेत, कार्यक्रम संयोजक रबि कार्कीलगायत विद्यालयका शिक्षक विद्यार्थीको उपस्थिति रहेको थियो । कर्यक्रलाई पालुङ जेसीज वर्ष २००८ का अध्यक्ष भरत गोपालीले प्रायोजन गरेका थिए । सप्ताहको तेस्रो कार्यक्रम अन्तरगत बुधबार कृष्णतारा न्यानो कपडा बितरण हुनेछ ।

HIMALAYAN LIFE
सुरक्षा अटल, भविष्य सबल
प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपहिशलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हक दाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हक दाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

तपसिल

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | ULI७१२००००२१९ | रिधम ठकुला | मकवानपुरगढी-२, मकवानपुर |

यातायात व्यवसायी बचत तथा ऋण सहकारी संस्था लि.
हेटौंडा, मकवानपुरको

## साधारणसभा सम्बन्धी सूचना

यस संस्थाको मिति २०८२/७/२८ गते बसेको सञ्चालक समितिको बैठक निर्णय अनुसार संस्थाको १२ औं वार्षिक साधारणसभा तपशिलका विषयहरुमा छलफल गर्न निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्पूर्ण आदरणीय शेयर सदस्यज्यूहरुलाई उक्त साधारणसभामा अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**तपशिल:**

**(क) छलफलका विषय:**

- संचालक समितिको प्रतिवेदन छलफल र पारित ।
- आ.व. २०८२/०८३ को लेखापरीक्षण प्रतिवेदन छलफल र पारित ।
- विधान संशोधन सम्बन्धमा ।
- ५ औं अधिवेशन ।
- विविध ।

**(ख) साधारणसभा हुने**

- मिति: २०८२ पुस ५ गते, शनिबार
- स्थान: नारायणयी संघ सभाहल, हेटौंडा-४, पारिजातपथ
- समय: बिहान ९:०० बजे ।

गुणराज घिमिरे
अध्यक्ष
**यातायात व्यवसायी बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-४, मकवानपुर

पाञ्चायन बचत तथा ऋण सहकारी संस्था लि.
हेटौंडा-४, मकवानपुरको

## साधारणसभा सम्बन्धी सूचना

यस संस्थाको १६ औं वार्षिक साधारणसभा संचालक समितिको मिति २०८२/७/१३ गतेको १३० औं बैठकको निर्णय अनुसार तपशिलमा उल्लेखित विषयहरुमा आवश्यक छलफल गरी उपयुक्त निर्णय गर्ने गरी निम्न मिति, समय र स्थानमा आयोजना गरिएको हुँदा सम्पूर्ण आदरणीय शेयर सदस्यज्यूहरुलाई उक्त साधारणसभामा अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**तपशिल:**

**(क) साधारणसभामा प्रस्तुत हुने विषय:**

- संचालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत संस्थाको प्रतिवेदन ।
- सचिवको तर्फबाट संस्थाको प्रतिवेदन ।
- कोषाध्यक्षद्वारा प्रस्तुत हुने लेखा परीक्षण तथा आर्थिक प्रतिवेदन तथा आ.व. २०८२/०८३ को अनुमानित वित्तीय विवरण सम्बन्धमा ।
- लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन ।
- आ.व. २०८१/०८२ को लेखा परीक्षकको वित्तीय विवरण पारित गर्ने र आ.व. २०८२/०८३ को लागि लेखा परीक्षक नियुक्ति र पारिश्रमिक तोक्ने सम्बन्धमा ।
- माईन्यूट प्रमाणित गर्ने प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
- विविध सम्बन्धमा ।

**(ख) कार्यक्रम:**

- मिति: २०८२ मंसिर २७ गते, शनिबार
- स्थान: पाञ्चायन साकोसको आफ्नै भवन, हेटौंडा-४
- समय: बिहान १०:०० बजे ।

गोकर्ण सुवेदी
सचिव
**पाञ्चायन बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-४, मकवानपुर

सर्वोत्तम सञ्चिती बचत तथा ऋण सहकारी संस्था लि.
हेटौंडा-८, मकवानपुरको

## साधारणसभा सम्बन्धी सूचना

यस संस्थाको मिति २०८२/०६/२६ गते बसेको सञ्चालक समितिको बैठक निर्णय अनुसार संस्थाको उत्पादन प्रदर्शनी मेला तथा १९ औं वार्षिक साधारणसभा तपशिलका विषयहरुमा छलफल गर्न निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्पूर्ण आदरणीय शेयर सदस्यज्यूहरुलाई उक्त साधारणसभामा सदस्यत परिचय पत्रसहित अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**तपशिल:**

**(क) छलफलका विषय:**

- अध्यक्षको प्रतिवेदन
- कोषाध्यक्षको प्रतिवेदन
- लेखा समितिको प्रतिवेदन
- ऋण उपसमितिको प्रतिवेदन
- विभिन्न उपसमितिको प्रतिवेदन
- आ.व. २०८१/०८२ को लेखा परीक्षण प्रतिवेदन
- आ.व. २०८१/०८२ को लेखा परीक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्बन्धमा
- टिप्पणी मार्फत भएका काम कारवाही अनुमोदन सम्बन्धमा,
- साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्ने सम्बन्धमा,
- विभिन्न उपसमितिको कार्यविधि सम्बन्धमा,
- विविध ।

**(ख) कार्यक्रम:**

- मिति: २०८२ मंसिर २६ र २७ गते
- समय: बिहान १०:३० बजे ।
- स्थान: शुभम् पार्टी प्यालेस, हेटौंडा-८

राम बहादुर बस्नेत
अध्यक्ष
**सर्वोत्तम सञ्चिती बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-८, कमाने, मकवानपुर
सम्पर्क: ०५७-४१२८२५, ५२१७४०, ५२२८९१

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना